का.जि.प्र.का.द.नं. १००/०५९/६०

□ वर्ष १९, अंक ३४१
□ २० माघ २०७८, बिहीबार
□ 3 February 2022, Thursday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला।



स्याङ्जाको वालिङ-१४ तमादीकी भगवती लुइँटेल परालको गुन्द्री बन्दै । तस्वीर: तोलाकान्त बगाले

अनुमतिबेगर तेजाब वा अन्य घातक रसायनिक पदार्थको उत्पादन, निकासी, पैठारी वा विक्री वितरण गर्नु दण्डनीय अपराध हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# थप पेचिलो बन्दै एमसीसी

एमसीसीबारे सत्ता साझेदार दलहरुभित्र देखिएको संकटलाई प्रमुख विपक्षी दल नेकपा एमालेले भने राजनीतिक स्वार्थमा उपयोग गर्न चाहिरहेको छ । तर गठबन्धनका दलहरुले भने एमालेको चाहना पूरा नहुने बताइरहेका छन् ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १९ माघ ।

अमेरिकी सहयोग परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) सदनबाट पास गर्ने वा नगर्ने भन्ने विषय पेचिलो बनेको छ । सत्ता गठबन्धनमा रहेका दलहरुबीच एमसीसी पारित गर्ने वा नगर्ने भन्ने विषयमा आपसी मतभेद हुँदा विवाद चुलिएको हो ।

सत्ता गठबन्धनमा रहेको नेपाली काँग्रेस र जनता समाजवादी पार्टी (जसपा) एमसीसी पारित गराउनुपर्नेमा लागेको छ भने नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी भने पारित गराउन नहुने अडानमा छ ।

सोही विषयमा गठबन्धनका नेताहरुबीच असहमति चुलिदाँ गठबन्धन टुट्ने शंकाहरु बढिरहेका छन् । तर, गठबन्धनका नेता माधवकुमार नेपालले भने एमसीसीकै विषयलाई लिएर गठबन्धन नटुट्ने दाबी गरेका छन् । "पाँच दलीय गठबन्धन टुट्ने भयो कि क्या हो भन्ने अनावश्यक भ्रम र आशंका छन्, गठबन्धन टुट्दैन", नेता नेपाल भन्छन् । अध्यक्ष नेपालले प्रधानमन्त्री शेरबहादुर देउवासँग प्रचण्ड सहित भएर एमसीसी संशोधन गर्नुपर्ने विषयबारे जानकारी लिएको बताए । "एमसीसीमा कुन-कुन कुराहरू छन् सुधार गर्नुपर्ने भनेर प्रधानमन्त्रीले सोध्नुभयो, सुधार गर्नुपर्ने कुरा उपलब्ध गराउन हामीलाई भन्नुभएको छ", अध्यक्ष नेपाल भन्छन् ।

एमालेका अध्यक्ष केपी ओलीले एमसीसी हुबहु पारित गर्न प्रधानमन्त्रीलाई साथ दिने प्रतिबद्धता गरेको पनि बताएका छन् । नेता नेपालले मात्रै होइन सरकारका प्रवक्ता एवं सञ्चारमन्त्री ज्ञानेन्द्र बहादुर कार्कीले पनि एमसीसीको विषयलाई लिएर गठबन्धन नटुट्ने बताएका छन् । तर, विश्लेषकहरु भने एमसीसीले गठबन्धन टुट्नसक्ने बताउँछन् ।

एमसीसी अहिले निकै पेचिलो बनेको छ, देउवा र ओलीबीच सहमति भएर गठबन्धनको सरकार टुट्न सक्छ, राजनीतिक विश्लेषक विष्णु दाहाल बताउँछन् । तर, एमसीसीको विषयले गठबन्धन भित्र मतभेदे चुलिएको नेताहरुले स्वीकार गरेका छन् । साथै एमसीसीकै विषयलाई लिएर जनता समाजवादीको अध्यक्ष बाबुराम भट्टराई र नेकपा एमालेका नेता भीम रावलबीच सामाजिक सञ्जालमा आपसी जुहारी समेत चलिरहेको छ ।

## एमसीसीको प्रयोजन

एमसीसीको विषयलाई लिएर देशमा तीव्र विवाद भइरहेकै बेला एमसीसीले बनाउने प्रशारणलाईनको ३० किलोमिटरको रुट फेरिने भएको छ । एमसीए-नेपालले प्रस्तावित रुट मध्ये प्रसारण लाइनको करिब ३० किलोमिटर क्षेत्रमा रहने टावरहरुको स्थान बदल्न लागेको हो । जग्गा अधिग्रहणको प्रक्रिया थाल्दा आएका गुनासो र समस्यालाई दृष्टिगत गरेर करिब ३० किलोमिटर क्षेत्रमा रुट परिवर्तन गर्न लागिएको एमसीए-नेपालले बताएको छ ।

– बाँकी पृष्ठ २ मा

सिके राउत

# मिसन: राष्ट्रिय शक्ति

संवैधानिक व्यवस्थाभित्र रहेर शान्तिपूर्ण गर्ने सम्झौता गरेका सिके राउतले मधेश प्रदेशमा आगामी चुनाव केन्द्रीत गतिविधि बढाएका छन् । राउतको निशानामा मधेश केन्द्रीत दलहरु जसपा र लोसपा देखिन्छ ।



**श्याम कुशवाह/मध्यान्ह**
जनकपुर, १९ माघ ।

भौतिक पूर्वाधार मन्त्री रेणु यादवको अभिव्यक्ति विवादित बनेपछि मधेश प्रदेशको राजनीति फेरि बहसको विषय बनेको छ । २ माघमा रौतहटको गौर पुगेर मन्त्री यादवले विवादास्पद अभिव्यक्ति दिएकी थिइन् । 'राइसमिल घटना' दोहोरिन सक्ने मन्त्री यादवको अभिव्यक्तिप्रति चर्को आलोचना भयो ।

कतिपयले मन्त्री यादवलाई पदमुक्त गर्नुपर्ने तर्क गरे । तर प्रधानमन्त्री शेरबहादुर देउवाले कुनै कदम चालेनन् । मन्त्री यादवले २०६४ को गौर नरसंहारको चेतावनी दिएकी थिइन् । त्यसबेला नेकपा माओवादी र मधेशी जनाधिकार फोरमका कार्यकर्ता बीच झडप हुँदा २८ जनाको हत्या भएको छ । मधेश आन्दोलनको रापतापका बेला माओवादीका २८ कार्यकर्ताको हत्या भएको घटनासँग मन्त्री यादवले डा.सिके राउत नेतृत्वको जनमत पार्टीलाई चेतावनी दिएकी थिइन् ।

तत्कालीन फोरम अहिले जनता समाजवादी पार्टी (जसपा) बनेको छ । त्यही पार्टीकै नेतृत्व रहेकी मन्त्री यादवको अभिव्यक्तिलाई कतिपयले भने मधेश प्रदेशको राजनीतिसँग जोडेर हेरेका छन् । हुन त मन्त्री यादवलाई राउतका कार्यकर्ताले अवरोध गर्न खोजेपछि 'राइस मिल' प्रकरण सम्झाएकी थिइन् । तर मधेशमा राउतको प्रभाव बढेकाले समेत यस्तो चेतावनीको आवश्यकता देखिएको हुन सक्ने अनुमान गरिएको छ ।

२०६४ यता मधेशको राजनीति स्थीर नदेखिएकाले पनि डा.राउततिर जनमत तानिएको विश्लेषण गरिएको छ । अन्तरिम संविधानप्रति असन्तुष्टि जनाउँदै मधेश

– बाँकी पृष्ठ २ मा

### कोरोना अपडेट

| | |
|---|---|
| संक्रमित | : ३,६३७ |
| परीक्षण | : ११,५८२ |
| मृत्यु | : १२ |
| निको हुने | : ७,५५५ |

# स्वतन्त्ररुपमा व्यवसाय गर्न पाउनु पर्ने माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ माघ

वैदेशिक रोजगार व्यवसायीहरूले स्वतन्त्रतापूर्वक व्यवसाय गर्ने अधिकारको रक्षाका लागि एकतावद्ध हुने निर्णय गरेका छन् । राजधानीको टोखा रोडमा रहेको ट्रिपल स्टार ईम्प्लोइमेण्ट प्रा. लि.मा युट्युवरहरूसँग झडप भएको दोस्रो दिन बुधबार नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समितिद्वारा सामाखुशीमा आयोजित व्यवसायी भेलामा व्यवसायीहरूले उक्त निर्णय गरेका हुन् ।

सरकारले तत्कालीन श्रम रोजगार तथा सामाजिक सुरक्षा राज्यमन्त्री टेकबहादुर गुरूङको कार्यकालमा दीर्घकालीन रूपमा पार्ने प्रभावको अध्ययन र अनुसन्धान बिना नै फ्रि भिसा फ्रि टिकटको अव्यवहारिक निर्णयमा लागू गरेको कारण त्यसको कार्यान्वयनको वहानामा व्यवसायीहरूका कार्यालयमा अनुचित हस्तक्षेप भइरहने र व्यवसायीलाई तर्साउने प्रवृत्ति बढ्ने भन्दै त्यसको प्रतिवादका लागि व्यवसायी एकता अनिवार्य बनेको उनीहरूको भनाइ छ ।

समिति सभापति हरि बहादुर पाण्डे क्षेत्रीले फ्रि भिसा फ्रि टिकटको अव्यावहारिक निर्णय लागू भएदेखि नै व्यवसायीहरूले त्यसलाई अस्वीकार गरेको भन्दै उक्त निर्णय सच्चिनुको विकल्प नरहेको बताए ।

वैदेशिक रोजगार विभागले विश्वका १ सय १४ देशमा श्रम स्वीकृति लिएर पठाउने अनुमति दिएकोले ती मुलुकमा श्रम स्वीकृति लिएर गएका कामदारको जिम्मेवारी लिने तर श्रम स्वीकृति नलिई जाने र पठाउने म्यानपावर कम्पनीको जिम्मेवार नलिने भन्दै अध्यक्ष पाण्डेले कसैले कुनै कारणले श्रम स्वीकृति नलिई कामदार पठाएको भए तत्काल समस्याको समाधान गर्न सुझाव दिए । समयमा समस्याको समाधान नगर्दा युट्युवर म्यानपावर कार्यालय प्रवेश गर्ने वातावरण बन्न सक्छ छ उनले भने, ' लाइसेन्स लिएर गैर कानुनी काम नगर्न आग्रह छ ।

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## मन्त्री सजिलो काममा मात्रै रमाउनु भयो : पाण्डे

**काठमाडौं/मस–** नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समिति अध्यक्ष हरि बहादुर पाण्डे क्षेत्रीले वैदेशिक रोजगार व्यवसायीको पृष्ठभूमि भएका कृष्णकुमार श्रेष्ठ (किसान) श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री नियुक्त हुँदा वैदेशिक रोजगार व्यवसायीमा जागृत भएको आशा निराशामा परिणत हुन थालेको टिप्पणी गरे । वर्तमान मन्त्री श्रेष्ठ सांसद रहेको अवस्थामा वार्षिक एक सय

– बाँकी पृष्ठ २ मा

म्यानपावर चाहियो

चालु अवस्थामा रहेको कुनै पनि उजुर बाजुर नभएको मेनपावर चाहिएकोले बिक्री गर्न चाहने ईच्छुक व्यक्तिहरुले तु–सम्पर्क गर्नु होला ।

सम्पर्क : ९८६३८३७९१२



नेपाली बाईक राईडरहरूलाई UAE मा रोजगारको अवसर

कम्पनी: CLASSIC EXPRESS DELIVERY SERVICES L.L.C शहर: DUBAI
पुर्व स्वीकृत मिति: २०७८/०७/१२ चलानी नं.: ६०१६६५९७ L.T.No.:248901 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Motorcycle Driver | 75 | 0 | सं. काममा दक्ष | 2000 | ६५,000 | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा २०७८ माघ २३ र २४ गते (6 & 7 February 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो संग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

ALETQAN NEPAL PVT. LTD.

Govt. Lic. No. 313/059/060

G.P.O. Box No: 19970, New Baneshwor (Opp. Hams Hospital), Kathmandu, Nepal
Tel.: 01479258301, 4784551 Mob.: 9851017677, 9857036608, 9819152324, 9810143743
Email: aletqannepal313@gmail.com

यस कार्यालयको लागि PRO ३ जना चाहिएकोले तुरुन्त सम्पर्क गर्नुहोला । फोन नं.: ९८५१०१७६७७

## प्रेस विज्ञप्ति

नेपालीहरुको लागि मलेसिया एउटा प्रमुख श्रम गन्तव्य मुलुक रहेकोमा कोरोनाको महामारी सुरु भए पछि मलेसियाले विदेशबाट कामदार लिन बन्द गरेको कारण हाल मलेसियामा सुरक्षा गार्ड, भौतिक संरचना निर्माण लगायतका विभिन्न क्षेत्रहमा निकै ठुलो मात्रामा कामदारहरुको माग रहेको छ । यस बिच मलेसिया सरकारले कामदारहरुको न्यूनतम तलब बृद्धि गर्ने, कामदारले रोजगारदाता परिर्वतन गर्न पाउने जस्ता कामदार मैत्री कानुन निर्माण गरेको हुँदा मलेसियामा नेपालीले राम्रो रोजगारीको अवसर प्राप्त गर्न सक्ने अवस्था सिर्जना भएको छ । यस अवस्थालाई मध्यनजर गरेर केहि व्यवसायीले मलेसियामा कामदार पठाउन सिण्डिकेट खडा गरि आफुले मात्र कामदार पठाउने व्यवस्था गर्न लागेको भनि बिभिन्न सामाजिक संजाल तथा अनलाईनमा प्रकाशित प्रसारित समाचार प्रति संघको गम्भिर ध्यानकर्षण भएकाले विज्ञप्ति प्रकाशित गरिएको छ ।

संघ इजाजत प्राप्त सबै व्यवसायीले स्वच्छ प्रतिस्पर्धाका आधारमा व्यवसाय गर्न पाउने पक्षमा रहेकोले संघले सिण्डिकेट र एकाधिकारको बिरुद्धमा सरकार तथा सम्बन्धित निकायमा यसको पैरवी गरि सिण्डीकेटको बिरोध गरेको व्यहोरा सबैमा जानकारी गराउन चाहन्छौ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ खुल्ला, पारदर्शि र प्रतिष्पर्धात्मक व्यवसायमा विश्वास गर्ने भएकाले सरकारबाट इजाजत पत्र प्राप्त ८५५ व्यवसायीहरुले व्यवसाय गर्न पाउनु पर्ने मान्यता राख्दछ । खुल्ला प्रतिस्पर्धाबाट डराई सिण्डिकेट लागु गर्न खोज्नेहरुलाई कनुनी कारवाहि गर्न नेपाल बैदेशिक रोजगार व्यवसायी संघ सरकारसग जोडदार माग गर्दछ र सिण्डिकेटको पक्षमा नलाग्न र गैर कानुनी कार्य नगर्न नगराउनु अनुरोध गरिन्छ ।

**कमल तामाङ**
**अध्यक्ष**

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
बत्तीसपुतली, गौशाला, काठमाडौं, फोन नं. ०१- ४४९०९६९/४४९४४१८
E-mail: info@nafea.org.np/nafea@wlink.com.np/ nafea69@gmail.com
Website: www.nafea.org.np/ Facebook: www.facebook.com/nafeaorg

# घट्यो कोरोना संक्रमणदर

**काठमाडौं/मस**–देशभर कोरोना भाइरस संक्रमित हुनेभन्दा संक्रमणमुक्त हुनेको संख्या दोब्बर रहेको छ। पछिल्लो २४ घण्टामा तीन हजार ६३७ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नियमित पत्रकार सम्मेलनमा प्रवक्ता डा.संगीता कौशल मिश्राले ११ हजार ५८२ परीक्षण गर्दा संक्रमित तीन हजार ६३७ संक्रमित पुष्टि भएको जानकारी दिइन्।

यस्तै संक्रमणमुक्त हुने संख्या सात हजार ५५५ पुगेको उनले बताइन्। हालसम्म आठ लाख ७८ हजार ७२० जना संक्रमणमुक्त भएका छन्। मन्त्रालयका अनुसार सक्रिय संक्रमितको संख्या ६९ हजार २९१ पुगेको छ।

मन्त्रालयका प्रवक्ता डा.मिश्राले सो अवधिमा संक्रमणका कारण १२ जनाको निधन भएको जानकारी दिइन्।

हालसम्म ११ हजार ७६४ जनाको संक्रमणका कारणले निधन भएको छ।

यस्तै ५०० भन्दाबढी संक्रमण भएको जिल्ला १६ पुगेको छ। मन्त्रालयका अनुसार मोरङ, सुनसरी, झापा, धनुषा, सिराहा, काठमाडौं, ललितपुर, भक्तपुर, चितवन, मकवानपुर, काभ्रे, कास्की, नवलपरासी पूर्व, बाँके, रुपन्देही, र कैलाली रहेका छन्।



यस्तै २०० भन्दाबढी संक्रमित भएका १८ जिल्ला रहेका छन्। ती जिल्लामा सप्तरी, पर्सा, बारा, महोत्तरी, सर्लाही, धादिङ, सिन्धुपाञ्चोक, सिन्धुली, नुवाकोट, गोरखा, स्याङ्जा, बागलुङ, तनहुँ, पाल्पा, बर्दिया, सुर्खेत र कञ्चनपुर रहेका छन्। नेपालमा सङ्क्रमण दर १८.३ प्रतिशत रहेको छ।

हाल होम आइसोलेसनमा ६७ हजार ८२५, संस्थागत आइसोलेसनमा एक हजार ४६६, सघन उपचार कक्षमा २७० र भेन्टिलेटरमा ५२ जनाको उपचार हुँदैछ।

बुधबार करिब आठ लाखले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन्। मन्त्रालयका प्रवक्ता डा.मिश्राले आठ लाख १५ हजार ७९६ जनाले खोप लगाएका छन्। यस्तै अहिलेसम्म कोरोना भाइरसविरुद्धको बुस्टर डोज चार लाख ८४ हजार ४७९ मात्रा लगाइएको छ।

खोप उपलब्ध गराउन बालबालिकाको माग

सरकारले १२ देखि १७ वर्ष उमेर समूहका बालबालिकालाई लक्षित गरि खोप कार्यक्रम सञ्चालन गरिरहँदा १७ वर्ष नाघेका र १८ वर्ष नपुगेकाले आफूहरुका लागि पनि खोप उपलब्ध गराउन माग गरेका छन्।

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको निर्देशनमा काठमाडौं महानगरपालिकाले यसअघि खोप लगाउन छुटेका बालबालिकालाई यही माघ १५ गतेदेखि कोरोना विरुद्धको खोप कार्यक्रमअन्तर्गत १२ देखि १७ वर्ष उमेर समूहलाई सहभागि गराएका छन्। सोही अनुरुप १७ वर्ष पूरा भएका र १८ ननाघेका बालबालिकाले पनि आफूहरुलाई खोप उपलब्ध गराउन माग गरिरहेको कामपाले जनाएको छ।

कामपाका शिक्षा अधिकारी रामप्रसाद सुवेदीका अनुसार ती उमेर समूहका बालबालिकाका लागि पनि कोभिड-१९ विरुद्धको खोप चाँडै उपलब्ध गराउने प्रयासमा लागेको बताए। कामपामा ९० सामुदायिक र ५०० भन्दा बढी निजी विद्यालय सञ्चालित छन्। १७ वर्ष पूरा भएका र १८ वर्ष ननाघेका बालबालिकाको संख्या कामपामा करिब ६ हजार रहेको जनाइएको छ। सरकारले तोकेअनुसारको उमेर समूहका करिब ६५ हजार बालबालिकालाई अहिले छाउनी र थापाथली अस्पतालबाट खोप कार्यक्रम सञ्चालन गरिरहेको छ।

# म्यानपावर व्यवसायीको कुटपिटप्रति अनलाइन टीभी पत्रकार संघको आपत्ति

**काठमाडौं/मस-** काठमाडौंको सामाखुसीस्थीत ट्रिपल स्टार म्यानपावरमा मंगलबार सञ्चारकर्मीहरूमाथि भएको कुटपिटको घटनाप्रति अनलाइन टीभी पत्रकार संघले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। संघले अन्यायका विरुद्धमा आवाज उठाइदिनु, सरोकारवालाहरूको ध्यानाकर्षण गराउनु सञ्चार माध्यमको प्रमुख धर्म भएको स्मरण गराउँदै संघले त्यही धर्म निभाउँदा प्रक्रिया र तरिका नमिलेमा कानुनी उपचारको बाटो हुँदाहुँदै भौतिक आक्रमणमा उत्रिनु कुनैपनि हालतमा सही मान्न नसकिने उल्लेख गरेको छ।

संघका महासचिव पवन फुयालले बुधबार वक्तव्य प्रकाशित गर्दै म्यानपावर व्यवसायी र उनका समर्थकहरूले सञ्चारकर्मी र म्यानपावर व्यवसायीबाट पीडितहरूमाथि गरेको कुटपिट अत्यन्त निन्दनीय भएको जनाएको छ। वक्तव्यमा लेखिएको छ, 'घटनाको निष्पक्ष छानविन गरी दोषीलाई कारबाही गर्न र पीडितहरूलाई क्षतिपुर्तिको व्यवस्था गर्न हामी जोडदार माग गर्दछौं।'

घटनाका बारेमा अध्ययन गरी दोषीलाई कारबाही गराउन, पीडितलाई क्षतिपुर्ति दिलाउन र आवश्यक कार्य गर्नका लागि संघका उपाध्यक्ष कुशलव केसीको संयोजकत्वमा संघको टोली खटिएको पनि वक्तव्यमा उल्लेख गरिएको छ।

संघले कुटपिटबाट घाइते भएका ३४ वर्षीय दीपेशराज पाण्डे, ४२ वर्षीय हरिप्रसाद पाठक र ३५ वर्षीय दशरथ भण्डारीको शिघ्र स्वास्थ्य लाभको कामना गरेको छ। साथै आगामी दिनमा यस्ता घटना नदोहोरिने सुनिश्चितता गर्न सरोकारवालाहरूसँग माग गर्दै यस्ता घटनाको सामनाका लागि एकजुट हुन पनि संघले यस क्षेत्रमा क्रियाशील सबै सञ्चारकर्मी अनुरोध गरेको छ।

# हेलिकप्टरमार्फत सुत्केरीको उद्धार



**दैलेख डायरी**
यामराज बिष्ट/मध्यान्ह

दैलेखमा एक सुत्केरी महिलाको नेपाली सेनाको हेलिकप्टरमार्फत् उद्धार गरिएको छ। आठबिस नगरपालिका-८ की २४ वर्षीया हीरा बडुवाललाई अत्यधिक रक्तस्राव लागेर थलिएपछि थप उपचारका लागि सुर्खेत लगिएको हो।

मंगलबारदेखि नै सुत्केरी व्यथा लागेर थलिएकी बडुवालको आठबिस नगरपालिका -९ मा रहेको सामुदायिक स्वास्थ्य इकाई छेपाडीले बच्चा नजन्मेपछि ठाटिकाँध गाउँपालिकामा रहेको प्राथमिक स्वास्थ्य केन्द्रमा रिफर पछि बडुवालको बच्चा जन्मिएको थियो। बडुवालको प्राथमिक स्वास्थ्य केन्द्रमा बच्चा जन्मिए पनि अत्यधिक रक्तस्राव भएपछि भनेजस्तो उपचार हुन नसकेपछि बुधबार बिहान हेलिकप्टरमार्फत उद्धार गरिएको दैलेखका प्रमुख जिल्ला अधिकारी हरि प्याकुरेलले मध्यान्हलाई जानकारी दिए।

जिल्लामा सुत्केरी महिलाको स्वास्थ्यमा जोखिम भएको जानकारीपछि जिल्ला प्रशासन कार्यालयको समन्वयमा महिला, बालबालिका मन्त्रालयको राष्ट्रपति महिला उद्धार कोषबाट सुत्केरी बडुवालको हेलिकप्टरबाट उद्धार गरी प्रदेश अस्पताल सुर्खेत पठाएको प्रमुख जिल्ला अधिकारी प्याकुरेलले बताए।

उनले भने, 'अकालमा ज्यान जान दिनुभएन त्यसैले राष्ट्रपति महिला उद्धार कोषमार्फत उद्धार गरी सुर्खेत पठाइएको हो।' हालसम्म दैलेखबाट मात्रै साउनदेखि यता सुत्केरी तथा गर्भवती महिलाको हेलिकप्टरमार्फत १० जनाको उद्धार भइसकेको छ।

# पक्राउ परेका वन अधिकारकर्मीलाई रिहा गर्न माग

सामुदायिक वन उपभोक्ता महासंघ नेपाल दैलेखले पक्राउ परेका वन अधिकारकर्मीलाई रिहा गर्न माग गर्दै आन्दोलन गरेको छ। महासंघले विज्ञप्ति जारी गर्दै सरकारले तर्जुमा गरेको वनसम्बन्धी नियमलाई लिएर गरिएको धर्नाका क्रममा पक्राउ परेका अधिकारकर्मीलाई तत्काल रिहा गर्न माग गर्दै आन्दोलन गरेको हो।

प्रदेश वन ऐन निर्माण, संरक्षित क्षेत्र विस्तार तथा तेहेरो कर, दोहोरो टाचा खारेजको माग गर्दै आन्दोलन गरेको सामुदायिक वन उपभोक्ता महासंघ दैलेखका अध्यक्ष मणिराम रेग्मी मध्यान्हलाई बताए।

महासंघले सामुदायिक वन अधिकारका सन्दर्भमा उठाउँदै आएका मार्गहरुलाई सरकारले सम्बोधन नगरेसम्म नेपालभरका २२ हजार भन्दा बढी सामुदायिक वन उपभोक्ता समूह र महासंघको ७७ जिल्लामा रहेका लाखौं सदस्यहरु निरन्तर आन्दोलनमा रहने अध्यक्ष रेग्मीले जानकारी दिए।

मंगलबार महासंघका अध्यक्ष भारती पाठक, महासचिव बिर्खबहादुर शाही, सचिव ठाकुर भण्डारी, कोषाध्यक्ष पार्वता गौतमलगायत धर्नामा सहभागी भएकालाई प्रहरीले पक्राउ गरेको थियो।

# गंगा माविमा 'सोचेजस्तै विद्यालय खोजेजस्तै पढाई'

**सुशीला रेग्मी/मध्यान्ह**
रामपुर (पाल्पा), १९ माघ

गंगा मावि शैक्षिक क्षेत्रमा नमुना विद्यालयको रुपमा चिनिन्छ। यहाँको शैक्षिक तथा भौतिक वातावरणले यो विद्यालय शैक्षिक अवलोकनको केन्द्र बनेको छ।

यहाँ विभिन्न जिल्लाबाट शैक्षिक अवलोकनमा शिक्षक, विद्यार्थीको समुह आउनेको आकर्षण बढ्दो छ। यहाँको वातावरणले विद्यार्थीको मनोबल बढाएको छ। विद्यालय हाताभित्र प्रवेश गरिसकेपछि शैक्षिक तथा भौतिक वातावरणले शिक्षक, अभिभावक, विद्यार्थी अर्थात् यहाँभित्र आउने जोकोहीको मनै लोभ्याउने खालको छ।

पाल्पाको पूर्वी भेग रामपुर नगरपालिका ८ स्थित एक्लेटारमा रहेको यस विद्यालयले जिल्लामै शैक्षिक तथा भौतिक वातावरणमा अग्रणी विद्यालयको रुपमा चिनाउन सफल भएको छ।

समयको परिवर्तन संगै विद्यार्थीको आवश्यकता अनुसार हराभरा वातावरणमा प्रविधियुक्त शिक्षामा जोड दिइएको प्रधानाध्यापक देवराज देवकोटा बताउँछन्।

उनी भन्छन्, 'हामीले समयको माग अनुसार विद्यार्थीलाई शिक्षक सिकाई कार्यमा कुनै कमी हुन दिएका छैनौं, बालमैत्री वातावरणमा प्रविधिको प्रयोग गरी शिक्षण कार्य गरिएको छ, अहिले धेरै विद्यालयबाट अवलोकन गर्न आइरहनुभएको छ।'

विद्यालयले साना-साना बालबालिकालाई मध्यनजर गर्दै बाल उद्यान तयार गरिरहेको प्रअ देवकोटाको भनाई छ। शारीरिक विकास र बालबालिकाको मनोबल बृद्धि गराउन बाल उद्यानले सघाउ पुग्ने भएकाले विद्यालयमा उद्यानको व्यवस्था मिलाइँदैछ। विद्यालयभित्र



फूल वगैचा, यहाँको सुन्दर दृश्यले सबैलाई लोभ्याइरहेको छ।

विद्यालय भित्रको वातावरण देख्दा कुनै सुन्दर प्राकृतिक वातावरणमा पुगेजस्तो अनुभुती भएको बताउँछन् चण्डीका आधारभुत विद्यालय गल्याङ्ग नगरपालिका स्याङ्जाका शिक्षक टिकाराम अधिकारी। 'गंगा मावि पाल्पाको नमुना विद्यालयको पहिचान बनाएकाले हाम्रो शिक्षकको समुहले पनि यस विद्यालयको अवलोकन गऱ्यो, सुन्दा भन्दा यहाँ आएर हेर्दा शैक्षिक वातावरण अत्यन्त सुन्दर छ, विद्यालय भनेको गंगा मावि जस्तो बनाउनुपर्छ भन्ने हामीलाई पनि धेरै सिकाई भयो, विद्यालय सुधारको लागि एक पटक यस विद्यालयको अवलोकन सबैले गर्नैपर्ने रहेछ' उनले भने।

प्रविधियुक्त शिक्षा नै आजको आवश्यकता भएको हुँदा विद्यार्थीले चाहे अनुसारको सामग्रीको व्यवस्थापन गरेर शैक्षिक क्रियाकलाप अगाडी बढाएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नरनारायण अर्यालले बताए।

उनले भने, 'विद्यार्थीलाई शैक्षिक कार्यमा विद्यालयले कुनै पनि प्रविधि तथा सामग्रीमा कमी गराएको छैन, विद्यालय आउँदा जसरी उत्साहका साथ पढ्न आउँछन् त्यसरी नै विद्यालय सकिएपछि उत्साहका साथ नै विद्यार्थी पढेर घर फर्कने वातावरण विद्यालयले तयार पारेको छ।'

'सोचेजस्तै विद्यालय, खोजेजस्तै पढाई' अर्न्तगत विद्यार्थीहरुको रुची र क्षमता अनुसार विद्यार्थीहरुको समुह विभाजन गरी विद्यालय समय भन्दा बाहिर विद्यार्थीहरुलाई बौद्धिक एवम् खेलकुद तालिम दिइने अध्यक्ष अर्याल बताउँछन्।

कमजोर विद्यार्थीहरुका लागी सहायता कक्षको स्थापना गरी सबै विषय शिक्षकको पालो मिलाई विद्यालयमा सहयोग गर्ने कार्यक्रमको पनि सुरुवात गरिएको छ।

वार्षिक रुपमा २० जना विद्यार्थीहरुलाई छनोट भएको मिति देखी विद्यालय नछाड्दा सम्म वार्षिक रु तीन हजार ४०० दिइने छात्रवृत्ति स्किम ल्याइएको छ। तहगत अनुसार प्रथम एवम् जेहेन्दार विद्यार्थीका लागी वार्षिक नगद पुरस्कारको व्यवस्था, गरिव, असहाय विद्यार्थीका लागी स्कुल पोशाक तथा नियमित छात्रवृत्ति वितरण कार्य भइरहेको छ।

विद्यार्थीहरुको नियमित जन्मदिन मनाउने, प्रार्थनामा नियमित तीन वटा प्रश्नहरु सोध्ने, नियमित प्रवचन, संगित सहितको पिटी, पालो अनुसार विद्यार्थीहरुबाट विद्यालय परिसर सरसफाई, नियमित अतिरिक्त क्रियाकलाप जस्ता कार्यक्रम हुने गरेको छ।

यस विद्यालयमा औसतमा ५० जना भन्दा धेरै विद्यार्थी सबै कक्षामा रहेका छन्। सबैमा कक्षाकोठामा दुई वटा सेक्सनहरु रहेका छन्। विद्यालयमा नेपाली र अंग्रेजी माध्यमका सबै विद्यार्थी गरी ६८३ विद्यार्थीहरु अध्ययनरत छन्।

नमुना विद्यालय विकास कार्यक्रम अर्न्तगत विद्यालयले भौतिक र शैक्षिक विकासका लागि काम गरिरहेको र हाल भौतिक पूर्वाधार विकासका कामहरु राम्रोसंग भएको छ।

सफ्टवयर जडान गरी विद्यार्थीहरुको सम्पूर्ण विवरणहरु राख्ने व्यवस्था मिलाइएको छ। शिक्षक हाजिरीका लागी बायेमेट्रिक प्रणाली जडान गरी दुई वर्ष देखी नियमित प्रयोग गरिएको छ।

विद्यालयमा इन्टरनेट जडान, नौ वटा सिसिटिभी, क्यामेरा जडान गरी विद्यालय परिसर ल्याव तथा पुस्तकालय एवम् अन्य महत्वपूर्ण स्थानहरु रेखदेख गर्ने व्यवस्था गरिएको छ। शिक्षकहरुलाई ल्यापटप खरिद गर्न आर्थिक सहयोग दिइएको छ। हाल विद्यालयमा बालकक्षा देखि कक्षा १२ सम्म नेपाली माध्यममा र नर्सरी देखि कक्षा १० सम्म तथा आईएस्सी (एजी) तीन वर्षे भेट्नरी विषयको कक्षा समेत गरेर जम्मा २८ वटा कक्षा सञ्चालन भइरहेको छ।

बिहानको समयमा प्राविधिक तर्फको मात्र कक्षा सञ्चालन हुने र दिउँसोको समयमा अन्य सबै कक्षाहरु सञ्चालन भइरहेका छन्।

### थप...

फेरिएको प्रसारण लाइन १० वटा जिल्लाका ३० वटा गाउँपालिका तथा नगरपालिकामा पुग्नेछ। आयोजनाले ऊर्जा क्षेत्रको सशक्तीकरणमा पनि सघाउ पुऱ्याउने एमसीसीएले बताएको छ। आयोजनाले करिब ३१५ किमि लामो ४०० केभी क्षमताको विद्युत् प्रसारणलाइन तथा तीन वटा ४०० केभी क्षमताका सब-स्टेशन निर्माण गर्नेछ। राजनीतिक दलहरुबीच निकै पेचिलो मुद्दा बनेको एमसीसी पास हुने वा नहुनेमा भने नेताहरु नै अनविज्ञ छन्।

### सिके ..

आन्दोलनको नेतृत्व गरेका उपेन्द्र यादव अहिले पनि मधेशको सबैभन्दा ठूलो दल हो। त्यही दलकी नेतृ यादवको अभिव्यक्तिले पनि डा. राउतको गतिविधि बिस्तार भएको बुझ्न सकिन्छ।

मधेशलाई अलग्गै देश बनाउने विखण्डनवादी नारा सहित गतिविधि गरिरहेका डा.राउतले तीन वर्ष अगाडि सरकारसँग वार्ता गरेका थिए। २४ फागुन २०७५ मा डा. राउतले शान्तिपूर्ण राजनीति गर्न ११ बुँदे सहमति गरेका थिए। त्यसपछि उनी संसदीय राजनीतिको तयारीमा जुटेका छन्।

सरकारसँग वार्ता गरेको एक महिना नबित्दै राउतले सिराहाको लहानबाट पार्टी गठनको घोषणा गरेका थिए। ४ चैत २०७७ मा राउतले राष्ट्रिय परिषद् बैठक राखेर जनमत पार्टी गठन गरेका डा.राउतले सरकारका निर्णयहरु विरुद्ध लगातार गतिविधि गर्दै आएका छन्। पछिल्लो पटक किसानको मुद्दा लिएर राउतले विभिन्न गतिविधि गरिरहेका छन्। उनको गतिविधि आगामी चुनाव केन्द्रीत रहेकाले पनि जनमत पार्टीलाई मधेशको राजनीतिमा अर्थपूर्ण रुपमा हेरिएको छ।

### स्वतन्त्ररूपमा...

पहिले तपाईंहरू सफा हुनुपर्छ।' संघका निवर्तमान अध्यक्ष रोहन गुरूङले व्यवसायीहरूको छाता संस्था नेपाल वैदेशिक रोजगार व्यवसायी संघ कमजोर भएका कारणले व्यवसायीमाथि चौतर्फी आक्रमण भएको भन्दै तत्कालीन समस्याको समाधान सँगै संघलाई बलियो बनाउन व्यवसायी लाग्नुपर्ने धारणा राखे। विगतमा धरौटीबृद्धि र संख्या सयको प्रावधान पनि व्यवसायीबीच बलियो एकता नभएको कारणले आएको भन्दै निवर्तमान अध्यक्ष गुरूङले पनि वैदेशिक रोजगार ऐनले व्यवसाय गर्न दिएको अनुमति भन्दा बाहिर नजान व्यवसायीहरूलाई आग्रह गरे। उनले थपे, 'एकजनाले गल्ती गर्दा सिंगो ८ सय ५४ व्यवसायी दण्डित हुनुपर्ने अवस्था आउँछ, दायरा नाघ्नेलाई कसैले सहयोग गर्ने अवस्था हुँदैन।'

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका अध्यक्ष नरेन्द्र प्रसाद ढकालले फ्रि भिसा फ्रि टिकटको निर्णयमा पुनरावलोकन नभएको कारणले वैदेशिक रोजगार पटकपटक समस्या उत्पन्न भएको भन्दै समस्याको स्थायी समाधान गर्न फर्किएर २०७२ सालको अवस्थामा जानुपर्ने बताए।

अध्यक्ष ढकालले श्रम मन्त्रालयले हालै गठन गरेको मार्शल फोर्सको औचित्यमा प्रश्न उठाए। उनले भने, 'मार्शल फोर्स केका लागि ? वैदेशिक रोजगार व्यवसायी विरूद्ध विभागमा उजुरी परे विभागले शुरूमा सात, त्यसपछि तिनदिने र अन्तिममा २४ घण्टाको पुर्जी काट्ने र त्यति गर्दा पनि व्यवसायी उपस्थित नभए धरौटीबाट कटाएर क्षतिपूर्ति दिने छ। यस्तो अवस्थामा मार्शल फोर्स गठन गर्दा व्यवसायीमा गलत सन्देश प्रवाह भएको छ। त्यसैले मार्शल फोर्सको औचित्य छैन।'

श्रम मन्त्रालयको मान मर्यादा र इज्जत व्यवसायीको मान मर्यादा र इज्जत्सँग जोडिएको भन्दै अध्यक्ष ढकालले मन्त्रीले सानातिना काम भन्दा व्यवसायीको लामो समयदेखि थाती रहेको सेवा शुल्कको समाधान दिए सरकार, व्यवसायी र वैदेशिक रोजगारीमा जाने कामदार सबैले मन्त्रीको जयजयकार गर्ने बताए। उनले भने, 'सेवा शुल्कको झन्झटिलो व्यवस्थाबाट व्यवसायीलाई मुक्त गरिदिने व्यवस्था गर्नुहोस् सबै ८ सय ५४ व्यवसायीको कार्यालयमा तपाईंको फोटो झुण्डाउन तयार छौं।'

पीडित कामदारको अधिकारको रक्षा र गुमाएको रकमको फिर्ता पत्रकार, आइएनजीओ वा अनधिकृत युट्यवरबाट नहुने भन्दै उनले समस्या सिर्जना भएमा स्थानीय प्रहरी, तालुक कार्यालय वैदेशिक रोजगार विभाग, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयदेखि गृहमन्त्रालयसम्मको ध्यानाकर्षण गराएर जान एसोसिएसन सधैं तत्पर छ। ढकालले पनि व्यवसायी एकताका लागि संघलाई बलियो बनाउनुपर्ने भन्दै यसपटक त्यसको प्रयास गरेको तर व्यवसायी एकता विरोधी तत्वले असफल बनाएको दाबी गरे।

संघका पूर्व द्वितीय अध्यक्ष भुवनसिंह गुरूङले व्यवसायी एकता बिना वैदेशिक रोजगार क्षेत्रमा रहेका कुनै पनि समस्याको समाधान खोज्न नसकिने भन्दै सहमतिमा संघको नेतृत्व चयन गर्ने यस पटकको प्रयास असफल पार्ने तत्वको पहिचान गरेर जानुपर्ने धारणा राखे।

संघको कार्यसमितिलाई निर्वाचन समिति भंग गर्ने अधिकार नभएको भन्दै पूर्वद्वितीय उपाध्यक्ष गुरूङले गैरकानूनीरूपमा निर्वाचन समिति भंग हुँदा पनि सहमतिमा संघको नेतृत्व चयन गर्ने पूर्वअध्यक्षहरू मौन बस्नु आश्चर्यजनक भएको उनको भनाइ थियो। मंगलबारको घटनापछि प्रशासनले संघको नेतृत्वको खोजी गरेको भन्दै परिस्थिति जटिल बनेको अवस्थामा संघको नेतृत्व अस्तित्वविहीन अवस्था रहन नहुने पनि गुरूङको भनाइ थियो।

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्चका कार्यवाहक अध्यक्ष राजेन्द्र भण्डारीले पेशागत अधिकार रक्षाका लागि व्यवसायी एकतामा जोड दिँदै संघ नेतृत्वको हैसियतमा प्रश्न उठ्ने अवस्थाको अन्त्य गर्न व्यवसायी सचेत हुनुपर्नेमा जोड दिए। वैदेशिक रोजगार व्यवसायी समाजवादी संघका अध्यक्ष अख्तर हुसेनले वैदेशिक रोजगार व्यवसायीले बेरोजगार समस्याको समाधान गरी मुलुकको अर्थतन्त्रमा उल्लेख्य योगदान गरेका वैदेशिक रोजगार व्यवसायीहरूले हीनताबोध त्यागेर अधिकार रक्षाका लागि अगाडि आउनुपर्ने अवस्था रहेकोमा जोड दिए। अधिकार रक्षाका लागि मंगलबारको घटना सह्रानीय र प्रशंसायोग्य रहेको भन्दै उनले बृहत् एकताको माध्यमबाट व्यवसायीहरू अगाडि जानू पर्ने उनको धारणा थियो।

अधिवक्ता देवराज कटुवालले व्यवसायीबीच एकता नहुँदा वैदेशिक रोजगार व्यवसायी कमजोर देखिएको भन्दै राजनीतिलाई व्यवसायको दायरा बाहिरै राख्ने प्रण गर्नुपर्ने सुझाव दिए। कटुवालले व्यवसायीलाई पेसा व्यवसायको रक्षा गर्ने अधिकार संविधान र कानूनले दिएको भन्दै समस्याको समयमा संयमित भएर अघि बढ्नुपर्ने बताए।

स्वागत मन्तव्य राख्दै समितिका सचिव तारानाथ अर्यालले व्यवसायीमाथि योजनाबद्ध र श्रृङखलाबद्ध आक्रमण भइरहेको भन्दै व्यवसायी विभागबाट मात्र प्रशासित रहेकाले अन्यत्रबाट आउने दबाब स्वीकार्न नसकिने बताए। भिजिट भिसाको दोष वैधानिक संस्थाले नलिने भन्दै उनले युट्युवरहरूको अनधिकृत कार्यप्रति श्रम मन्त्रालयले पनि गभीर हुनुपर्नेमा जोड दिए। कार्यक्रम समितिका उपाध्यक्ष हरिश कुँवरले सञ्चालन गरेका थिए।

### मन्त्री...

कामदार नपठाएको व्यवसायीको लाइसेन्स नवीकरण नहुने वैदेशिक रोजगार ऐनले सिर्जना गरेको समस्या समाधानका लागि नेताहरूलाई कुरा बुझाउन ठूलो सहयोग गरेको, त्यतिबेला नै आफुहरूले वैदेशिक रोजगारका सम्पूर्ण समस्याको अवगत गराएको भन्दै अध्यक्ष पाण्डेले भने, 'मन्त्री भएको लामो समय भयो। हासम्म उहाँले वैदेशिक रोजगार सुधारका दीर्घकालीन महत्वका कुनै निर्णय लिन सकिरहनु भएको छैन। मन्त्रीज्यू मुल विषयमा भन्दा कल सेन्टर उद्घाटन जस्ता दायाँबायाँ रहेका सजिला काममा रमाउन थाल्नु भयो। वर्तमान मन्त्रीबाट पनि केही हुदैन भन्ने लाग्न थाल्यो।'

पाण्डेले युट्युवर आतंकको नैतिक जिम्मेवारी पनि मन्त्री श्रेष्ठले लिनुपर्ने तर्क गरे। उनले भने, 'दश हजारमा कामदार पठाउन सकिँदैन भन्ने सबैलाई थाहा छ। दश हजार बढी लिनेलाई पानी मुनि गए पनि छोड्दिन भनेर मन्त्रीज्यूले भाषण गरेपछि युट्युवर सल्बलाए, व्यवसायीका कार्यालयमा आक्रमण भयो त्यसको जिम्मेवारी मन्त्रीज्यूले लिनुपर्छ।'

# उपत्यकाकै अस्पतालमा नक्कली पीसीआर रिपोर्टको धन्दा !



**विष्णुलक्ष्मी खरेल/मध्यान्ह**
काठमाडौं, १९ माघ

काठमाडौं उपत्यकाकै अस्पतालहरुबाट चर्को शुल्क असुलेर ग्राहकलाई कोरोना संक्रमित नभएको नक्कली रिपोर्ट बेच्ने गरेको पाइएको छ।

भक्तपुरको मध्युपरस्थित नागरिक कम्युनिटी टिचिङ अस्पताल र काठमाडौंको तीनकुनेस्थित कान्तिपुर अस्पतालबाट नक्कली पीसीआर रिपोर्ट बनाएको अभियोगमा ल्याबका कर्मचारी र केही बिचौलिया पक्राउ परेका अपराध अनुसन्धान महाशाखाका सूचना अधिकृत प्रहरी उपरीक्षक कृष्णप्रसाद कोइरालाले जानकारी दिए।

अस्पताल र प्रयोगशालाका कर्मचारीहरुले बिचौलियासँग मिलेर नक्कली पीसीआर रिपोर्ट बनाइदिने गरेको र त्यसबापत चर्को शुल्क लिने गरेको खुलेको नेपाल प्रहरीको अपराध अनुसन्धान महाशाखाले जनाएको छ।

पक्राउ पर्नेहरुमा छिरेश्वर नगरपालिका-१ धनुषाका नागेन्द्र यादव, तेमाल गाउँपालिका-५ काभ्रेका माधव मैनाली, विदेह नगरपालिका-४ धनुषाका रोशनकुमार छिट्टान र बलरा नगरपालिका-७ सर्लाहीका प्रसन्नकुमार झा छन्।

त्यस्तै राजदेवी नगरपालिका-४ रौतहटका भावेश मित्र र काठमाडौं महानगरपालिका-३२ का निर्मल गिरी भने फरार रहेका छन्।

फरार रहेका दुबै ल्याबका सञ्चालक भावेश मिश्र र निर्मल गिरी तथा पिसिआर रिपोर्टमा दस्तखत गर्ने ल्याब चिकित्सकको खोजतलास कार्य भइरहेको प्रहीले जनाएको छ। प्रहरीका अनुसार प्रसन्नकुमार झा नागरिक कम्युनिटी टिचिङ अस्पतालका ल्याब प्रबन्धक हुन् भने भावेश मिश्र नागरिक कम्युनिटी टिचिङका पीसीआर ल्याब सञ्चालक र निर्मल गिरी कान्तिपुर अस्पतालका पीसीआर ल्याब सञ्चालक हुन्।

उनीहरुले मिलेमतोमा विदेश जाने व्यक्तिहरुलाई पीसीआर रिपोर्ट नेगेटिभ बनाइदिने र एकजनाबाट १० हजार रुपैयाँसम्म असुल गरेको पाइएको अपराध अनुसन्धान महाशाखाले बताएको छ। प्रहरीले उनीहरूको साथबाट पीसीआर रिपोर्ट नेगेटिभ बनाउने कम्प्युटर मनिटर, ल्यापटप, सीपीयु, नक्कली पीसीआर रिपोर्ट र मोबाइलगायत सामग्रीसमेत बरामद गरेको छ।

# देवघाटमा अवैध सालको काठ बरामद

**सुवास लामिछाने/मध्यान्ह**
देवघाट, माघ १९



तनहुँ देवघाटमा अवैध सालको काठ बरामद गरिएको छ। इलाका प्रहरी कार्यालय देवघाट तनहुँले मंगलबार मध्यरातमा देवघाट गाउँपालिका ५ घिनटारबाट अवैध सालको काठ बरामद गरेको हो।

काठसहित चालक र गाडीलाई समेत नियन्त्रण लिएको प्रहरीले जनाएको छ।

७४ थान सालको काठसहित ना २ च ७३७५ नम्बरको बोलेरो गाडी र चालकलाई नियन्त्रणमा लिएको इलाका प्रहरी कार्यालय देवघाटका इन्चार्ज प्रहरी नायब निरीक्षक सुशिल लामिछानेले मध्यान्हलाई जानकारी दिए। गाडीसहित ४८.९५ क्युफिट काठ बरामद गरिएको सब-डिभिजन वन कार्यालय देवघाटका प्रमुख नवराज घिमिरेले बताए। उनका अनुसार चालकलाई थप अनुसन्धान र कारबाहीका लागि डिभिजन वन कार्यालय तनहुँ पठाउने तयारी भएको छ। बरामद काठको बजार मूल्य करिब दुई लाख रुपैयाँ पर्ने प्रमुख घिमिरे बताए।

# नेपालगञ्जमा ठूलो लगानीमा होल्डिङ सेन्टर बन्दै

**नेपालगञ्ज/मस-** नेपालगञ्जमा सरकारले सीमावर्ती क्षेत्र भारतबाट भित्रिने नागरिकलाई लक्षित गरी होल्डिङ सेन्टर निर्माण शुरु गरेको छ।

सरकारले कोरोना भाइरस संक्रमणको बढ्दो जोखिम र यसबाट उत्पन्न हुन सक्ने जटिलतालाई ध्यान दिई सीमा नाकामा निर्माण गर्न लागेको होल्डिङ सेन्टरको ८५ प्रतिशत काम सम्पन्न भएको बताइएको छ। नेपालगञ्ज उपमहानगरपालिका-१४ स्थित ४ बिघा ८ धुर क्षेत्रफलमा २ ९ करोड ३८ लाख २० हजार रुपैयाँको लागतमा निर्माण भइरहेको सो होल्डिङ सेन्टर एकहजार क्षमताको रहेको छ।

नेपाली सेनाको प्रत्यक्ष रेखदेख र संरक्षणमा निर्माण भइरहेको सो होल्डिङ सेन्टरमा जमुनाह नाका हुँदै भारतबाट आउने कोरोना भाइरस संक्रमितलाई राख्ने बताइएको छ।

नेपाल-भारत जमुनाहा नाकाबाट प्रवेश गर्ने यात्रुलाई गन्तव्यमा पुर्याउन, स्थानीयस्तरमा भइरहेको संक्रमणलाई रोक्न, आइसोलेशन र अस्थायी अस्पतालको रुपमा प्रयोग गर्ने उद्देश्यले होल्डिङ सेन्टर निर्माण गरिएको बाँकेका प्रमुख जिल्ला अधिकारी सूर्यबहादुर खत्रीले बताए। उनका अनुसार, बाढीपहिरा, भूकम्पजस्ता प्राकृतिक प्रकोपका समयमा पनि भविष्यमा यो भवनलाई प्रयोग गर्न सकिन्छ। अहिलेसम्म होल्डिङ सेन्टरको ३७ प्रतिशत प्रगति देखिएको छ। होल्डिङ सेन्टरमा शौंचालय, भान्सालगायत पूर्वाधार निर्माण गरिँदैछ।

भारतबाट आउने कोरोना संक्रमितलाई हाल नेपालगञ्ज उपमहानगरपालिकाले बाँके बर्दियास्थित बाल मन्दिरको आइसोलेशनमा व्यवस्थापन गर्दै आएको छ। समयमा होल्डिङ सेन्टर नबन्दा कोरोना भाइरस संक्रमितको ब्यवस्थापन गर्न समस्या भइरहेको नगरपालिकाका उपप्रमुख उमा थापामगरले बताइन्।

# पत्रकारलाई पेन्सन र दुर्घटना बीमा

**हेटौंडा/मस-** नेपाल पत्रकार महासंघ मकवानपुर शाखाले सञ्चालनमा ल्याएको ज्येष्ठ पत्रकार पेन्सन कोषमा हेटौंडा उप महानगरपालिकाले रु पाँच लाख सहयोग गरेको छ।

महासंघ मकवानपुर शाखाले विगतको वर्षबाट सञ्चालनमा ल्याएको पेन्सन कोषमा थप पाँच लाख रुपैयाँ सहयोग गरिएको उपमहानगरपालिका प्रमुख हरिबहादुर महतले जानकारी दिए।

महासंघले २० वर्ष काम गरेका र ६० वर्ष उमेर पुगेका ज्येष्ठ पत्रकारका लागि पेन्सन दिन सञ्चालनमा ल्याएको कोषमा थोरै भए पनि सहयोग पुगोस् भनेर सहयोग हस्तान्तरण गरिएको प्रमुख महतले बताए। नेपालमा पहिलो पटक पत्रकार महासंघ मकवानपुर शाखाले एक वर्ष अगाडि कोष स्थापना गरेर मासिक रु चार हजार ज्येष्ठ पत्रकार नवराज शर्मालाई पेन्सन दिँदै आएको जनाएको छ।

# हिमपातले जनजीवन कष्टकर



**इलाम/मस–** लगातारको झरी र हिमपातका कारण पूर्वी पहाडी जिल्लाको जनजीवन कष्टकर बनेको छ। इलामका उच्च पहाडी क्षेत्रमा यसवर्ष पटक-पटक हिउँ झरेपछि सो क्षेत्रका बासिन्दाको जनजीवन कष्टकर बनेको हो।

चिसोका कारण घर बाहिरको काम गर्न मुस्किल भएको छ। मंगलबार साँझबाट हिउँ परेपछि उच्च पहाडी क्षेत्रका बासिन्दालाई समस्या भएको हो। यस पटक विगत भन्दा निकै तलसम्म हिउँ परेको स्थानीयवासीको भनाइ छ।

यस पटक भने जिल्लाको माइजोगमाई गाउँपालिकाको नयाँ बजारसम्म हिउँ परेको छ। सदरमुकामलगायत तल्लो क्षेत्रका मानिसलाई हिउँमा खेल्न रमाइलो हुने भए पनि माथिल्लो क्षेत्रका बासिन्दाले कष्टकर जीवन बिताउनु परेको माइजोगमाई गाउँपालिका नयाँ बजारकी निर्मला बस्नेतले बताइन्।

हिउँ परेको स्थानमा स्थानीयवासीलाई घरबाट बाहिर निस्कन समस्या भएको छ। उनीहरुलाई दैनिक कामकाज गर्न कठिन भएको छ। गाईबस्तुलाई घाँस खुवाउन झनै समस्या भएको छ।

लेकाली क्षेत्रमा यसबेला घर बाहिरको घाँस दाउरा काट्ने, आलु रोप्ने, मल बोक्नेलगायतका काम हुने गरेका छन्।


## प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**प्रकाशन मितिः २०७८/१०/२०**

**प्रदेश नं १ को ईलाम जिल्ला, मंगलबारे, देउमाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालयद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ ।**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | देउमाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय<br>ठेगानाः प्रदेश नं. १, मंगलबारे<br>ईमेलः deumai.nagarpalika@gmail.com<br>फोन नंः ०२७- ४००००१ |
| **प्रस्तावको व्यहोरा** | देउमाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, मंगलबारे, ईलाम, प्रदेश नं १ भित्र पर्ने १. देउमाई खोला (देउमाई न. पा २ र ५) २. माई खोला (देउमाई न.पा -७) र ३. पुवा खोला (देउमाई न. पा ६) बाट दिगो तथा वातावरणमैत्री रुपले ढुङ्गा, गिट्टी तथा बालुवा (नदिजन्य पदार्थ) उत्खनन् तथा सङ्कलन गर्ने कार्यको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को प्रतिवेदन तयार गर्न |
| **प्रभाव पर्न सक्ने क्षेत्र** | १. देउमाई खोला (देउमाई न. पा २ र ५) २. माई खोला (देउमाई न.पा -७) र ३. पुवा खोला (देउमाई न. पा ६) |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रहरुको भौतिक तथा रासायनिक प्रणाली, जैविक प्रणाली, सामाजिक-आर्थिक प्रणाली र सांस्कृतिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न १. देउमाई खोला (देउमाई न. पा २ र ५) २. माई खोला (देउमाई न.पा -७) र ३. पुवा खोला (देउमाई न. पा ६) तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएको ले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरि लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरुः**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | देउमाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय<br>ठेगानाः प्रदेश नं. १, मंगलबारे<br>ईमेलः deumai.nagarpalika@gmail.com<br>फोन नंः ०२७- ४००००१ |
| **परामर्शदाताको नाम र ठेगाना** | बि. एम. एस नेपाल प्रा. लि<br>कोटेश्वर, काठमाण्डौ<br>ईमेलः info.bmsnepal@gmail.com<br>फोन नं. ९८५११००६३२ |



## कतारमा वैदेशिक रोजगार

१. कम्पनी : AL FALAMANKI RESTAURANT WLL — शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७८/०४/२७ | चलानी नं.: ६०१६१७०२ | LT. No.: 243478 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 0 | 10 | स. काममा दक्ष | 1400 | ४५,८९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : Qatar Building Company — शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७८/०३/१५ | चलानी नं.: ६०१६१३०२ | LT. No.: 240280 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Vehicle | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1900 | ६२,२८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 5 | 0 | | 1400 | ४५,८९२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ २७ गते (10 February 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**स्काई स्टार रिक्रुटमेन्ट प्रा. लि.**

पो. ब. नं.: १९१२२, फोन नं.: ०१-५९०२३४४, ५९०२३४५ । सुकेधारा-०४, काठमाडौं, नेपाल

Email: raza786md@yahoo.com, skystar1078@gmail.com, info@skystarrecruitment.com, website: wwwskystarrecruitment.com

श्रम इजाजत नं. १०७८/०७३/०७४



## सार्वजनिक सूचना

**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**पुल माहाशाखा**

**छारे (३० मी.) र पिप्ले (३० मी.) पुल निर्माणको संक्षिप्त वातावरणिय अध्ययन प्रतिबेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०७८/१०/२०)

कर्णाली प्रदेश, जाजरकोट जिल्ला भेरी न. पा वडा न. १ मा निर्माण हुने पिप्ले पुल र रुकुम (पश्चिम) आठबिसकोट न. पा, वडा न १४ मा निर्माण हुने छारे पुल सडक विभाग अन्तर्गत पुल महाशाखाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | | | |
|---|---|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | पुल माहाशाखा<br>सडक बिभाग, चाकुपाट, ललितपुर<br>फोन नं : ०१५५२८७७१ | | |
| **प्रस्तावका व्यहोरा** | **पुलको नाम** | छारे | पिप्ले |
| | **पुलको प्रकार** | RCC T-Beam | RCC T-Beam |
| | **पुलको कुल लम्वाई** | ३० मी. | ३० मी. |
| | **पुलको कुल चौडाई** | ११ मी. | ११ मी. |
| | **क्यारियज वेको चौडाई** | ७.५ मी. | ७.५ मी. |
| | **फुटपाथको चौडाई** | १.७५ मी. | १.७५ मी. |
| **प्रभाव पर्न सक्ने जिल्ला/न.पा.** | भेरी न.पा, जाजरकोट जिल्ला र आठबिसकोट न.पा, रुकुम (पश्चिम) | | |

माथी उल्लेखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययनका क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, रसायनिक प्रणाली, जैविक प्रणाली, सामाजिक-साँस्कृतिक तथा आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न भेरी न.पा, जाजरकोट जिल्ला र आठविसकोट न.पा, रुकुम (पश्चिम)मा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकार व्यक्ति वा संस्थाको लिखित राय/सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सुचना प्रकाशन भएको मितिले सात(७) दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरि राय सुझाव उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना :**

| प्रस्तावक | मन्त्रालयको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|---|
| सडक विभाग,<br>पुल महाशाखा,<br>चाकुपाट, ललितपुर<br>फोन नंः ०१५५२८७७१<br>ई-मेलः bridgebranch@dor.gov.np | भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय,<br>सिंहदरबार, काठमाडौं<br>फोन नंः ०१४२११७३२, ०१४२११३२१<br>ई-मेलः info@mopit.gov.np | हर्मिज ईन्जिनियरिङ सोलुसन प्रा.लि<br>बाफल, काठमाडौं<br>फोन नंः ९८०१११९९१३,<br>९८०१११९९१४<br>ई-मेलः contact@hermes.com.np |




## HOSPITALITY TRAINING

Hilton Academy Pvt.Ltd. — A great place for career

गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला ।

कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation

विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं ।



नोटः ६ महिने Professional Diploma in Hotel Management (PDHM) पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN गरिएको जानकारी गराउदछौं

सम्पर्क
Hilton Academy
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484

## सम्पादकीय

# स्वार्थको स्वर

प्रमुख विपक्षी दल नेकपा एमालेले निर्वाचन आयोगले गरेको प्रस्तावअनुसार स्थानीय चुनाव हुनुपर्ने निर्णय गरेको छ । बुधबार भक्तपुरमा बसेको सचिवालय बैठकले स्थानीय चुनाव आयोगको प्रस्तावअनुसार हुनुपर्ने निर्णय गरेको हो । आयोगले मंगलबार प्रधानमन्त्री शेरबहादुर देउवासँग आगामी ४ जेठमा स्थानीय चुनाव गर्न प्रस्ताव गरेको थियो । ५ जेठमा जनप्रतिनिधिहरूको कार्यकाल सकिने भएकाले एक दिन अगाडि चुनाव गर्न आयोगले प्रस्ताव गरेको छ । यसअघि आयोगले दुई पटक स्थानीय चुनावको मिति प्रस्ताव गरिसकेको छ । ३० पुसमा सर्वदलीय बैठक राखेर आयोगले १४ र २२ वैशाखमा (दुई चरणमा) स्थानीय चुनाव गराउन प्रस्ताव गरेको थियो । फेरि ९ माघमा बक्तव्य जारी गरी वैशाख मसान्तभित्र चुनाव गराउन सकिने जानकारी दिएको थियो ।

मंगलबार प्रधानमन्त्री देउवाले परामर्शका निम्ति बोलाएपछि आयोगले ४ जेठमा प्रस्ताव गरेको छ । विपक्षी एमालेले आयोगकै प्रस्तावलाई अनुमोदन गर्ने निर्णय गरेको छ । यसअघि एमालेले सरकारलाई चुनाव गराउन नचाहेको आरोप लगाउने गरेको थियो । लोकतन्त्रको मर्ममाथि प्रहार गर्नेगरी सत्तारूढ गठबन्धनका दलहरूले स्थानीय चुनाव धकेल्ने वा नगर्ने तयारी गरेको बक्तव्यमार्फत् सार्वजनिक आरोप लगाएको थियो । बुधबार बसेको सचिवालय बैठकले भने आयोगको प्रस्तावलाई अगाडि सारेको छ । सत्तारूढ गठबन्धन भने आयोगको प्रस्तावप्रति सहमत देखिदैन । जतिसक्यो चुनाव धकेल्नुलाई सत्तारूढ दलहरूले एजेण्डा बनाएको देखिन्छ । विपक्षी एमालेले भने चाहिँ जतिसक्यो चाँडो चुनाव हुनुलाई आफ्नो एजेण्डा बनाएको छ ।

जबकी चुनाव कुनै राजनीतिक दलको एजेण्डा नहुनुपर्ने हो । चुनाव लोकतन्त्रका निम्ति हुने नियमित प्रक्रिया हो । तर नेपालमा निर्वाचन आयोगले चुनावको मिति घोषणा गर्न र गराउन सक्ने स्थिति छैन । सरकारले घोषणा गरेको मितिमा आयोगले चुनाव गराउने कानून पालना गर्दै आएको छ । यस्तो कानूनका कारण दलहरूले हरेकपटक चुनावलाई आफ्नो राजनीतिक स्वार्थअनुसार, एजेण्डा बनाउने गरेको पाइन्छ । २०७४ को चुनावलाई काँग्रेस–एमाले गठबन्धन सरकारले आफ्नो अनुकुल प्रयोग गर्न चाहेको थियो । त्यसबेला स्थानीय तहको चुनाव तीन चरणमा गरिएकाले अहिले कानूनी जटिलता देखिएको छ । तर त्यही सरकारले प्रतिनिधिसभा र प्रदेशसभाको चुनाव भने एकैपटक गरेको थियो । अर्थात् दलहरूले राजनीतिक स्वार्थ पूरा हुनेगरी चुनावबारे अडान लिने नजीरलाई फेरि दोहोऱ्याउन चाहेका छन् । जबकी लोकतन्त्र बचाउन चुनाव कुनै एजेण्डा नबन्नुपर्ने हो ।

# विश्व राजनीतिमा रूस

क्रेमलिन युक्रेनमा झगडाको यो जोखिमपूर्ण मार्ग चुनिरहेको छ, जसको परिणाम केवल पूर्वी यूरोपसम्ममा मात्र सीमित रहने छैन । यसबाट आर्थिक व्यवधानहरु पनि उत्पन्न हुने नै छन् ।

अग्रलेख



● लोकनारायण सुबेदी

अन्तर्राष्ट्रिय नयाँ वर्ष शुरू हुँदै विश्वलाई दुईवटा घटनाक्रमले ध्यानाकर्षण गरेको छ । दुई घटनामध्ये पहिलो हो यूक्रेनसँग सीमा जोडिएको क्षेत्रमा रूसले ठूलो संख्यामा आफ्नो सेना तैनाथ गर्नु । र अर्को घटना हो कजाकिस्तानमा उत्पन्न घरेलु अशान्तिलाई शान्तिमा बदल्न रूसको हस्तक्षेप । यी घटनाले स्वभाविकरूपमा प्रश्न खडा हुन्छ कि अफगानिस्तानबाट अमेरिकाको योजनाबद्ध पलायन पछि रूसले पुन: आफुलाई स्थापित गर्न खोजेको त होइन ? हो भने यसको भावी परिणाम के-कस्तो होला ? अहिले विश्व राजनीतिमै यी दुई घटनामाथि अनेकन अड्कल र अनुमान हुन थालेका छन् । कतिपयले यी दुई घटनालाई जोडेर विश्व युद्ध तर्फ त जाँदै छैन् भनेर प्रश्न पनि उठाएका छन् ।

कतिपय अन्तराष्ट्रिय मिडिया रिपोर्टअनुसार वर्तमान स्थितिमा रूसी सेनाहरूले यूक्रेनलाई तीन तिरबाट घेरिरहेका छन् । अमेरिकी पत्रिका न्यूयोक टाइम्सका अनुसार रूसी सैनिक, भारी बख्तरबन्द गाडीहरू तथा मध्यमदेखि लामो दूरीसम्मका सैन्य आर्टिलरीहरूलाई त्यहाँ यसरी तैनाथ गरिएको छ कि कुनै पनि युद्धको स्थितिमा यूक्रेनमा तत्कालै धावा बोल्न सकिने छ । यूक्रेनको पूर्वी तथा उत्तरी सीमाना त्यस देशको राजधानी कीभको धेरै नै नजिक छ अनि रूसी सेना ब्यूह रचना खडा गरेर त्यहाँ बसेको छ । सन् १९९० को दशकको शुरूदेखि नै रूस वास्तवमा यूक्रेन र जर्जिया नाटो (नर्थ एटलाण्टिक ट्रिटी अर्गनाइजेशन)को सदस्य बनेका कारण अत्यन्तै अप्रसन्न रहँदै आएको देखिएको पनि हो ।



एकथरी रणनैतिक विशेषज्ञहरूका अनुसार रूसले आठ वर्ष अघि सन् २०१४ मा नै यूक्रेनमा घूसपेठका लागि आफ्नो सशस्त्र बल तैनाथ गर्न शुरू गरेको थियो जतिबेला उसले क्रिमियामाथि कब्जा जमाएको थियो । यद्यपि रणनीतिक अध्येताहरू के भन्दछन् भने यस कुरामा कुनै स्पष्टता छैन किनकी क्रेमलिन युक्रेनमा झगडाको यो जोखिमपूर्ण मार्ग चुनिरहेको छ, जसको परिणाम केवल पूर्वी यूरोपसम्ममा मात्र सीमित रहने छैन । यदि अमेरिका र रूसबीचको जेनेभा वार्ताको कुनै परिणाम निस्केन भने (निस्केको पनि छैन) नाटो पनि यस झगडामा सामेल हुन सक्नेछ । यसबाट आर्थिक व्यवधानहरू पनि उत्पन्न हुने नै छन् । किनभने यूरोप पहिलादेखि नै प्राकृतिक ग्याँसको चर्को मूल्यको सामना गर्दै आएको छ । कारण 'गेजप्रोम'ले यूरोपका लागि ग्याँसको आपूर्ति रोकिदिएको छ । यूरोपको दु:खमा अझ बृद्धि अमेरिकाद्वारा एउटा नयाँ ग्यास पाइपलाईन नर्ड स्ट्रीम -२ लाई प्रमाणपत्र नदिने तथा प्रतिबन्ध लागु गर्नाले भएको छ ।

अर्कोतिर पूर्वतिर पूर्ववर्ती सोभियत संघको एशियाली क्षेत्रतर्फ लाग्ने हो भने स्रोतहरूले भरीपूर्ण कजाकस्तान संघर्षको अर्को एउटा बिन्दू बन्न गएको छ । सोभियत संघको यो पूर्व गणराज्य रूस र चीनका बीचमा अवस्थित छ । यो चारैतिरबाट जमिनले घेरिएको सबैभन्दा ठूलो भूपरिवेस्ठित 'बेस्टफेलियन' राज्य हो । जसको जनसंख्या हाल १ करोड ९० लाख हाराहारी रहेको छ ।

> अफगानिस्तानबाट अमेरिकाको योजनाबद्ध पलायन पछि रूसले पुन: आफुलाई स्थापित गर्न खोजेको त होइन ? हो भने यसको भावी परिणाम के-कस्तो होला ? अहिले विश्व राजनीतिमै युक्रेन र कजाकिस्तान घटनामाथि अनेकन अड्कल र अनुमान हुन थालेका छन् । कतिपयले यी दुई घटनालाई जोडेर विश्व युद्ध तर्फ त जाँदै छैन् भनेर प्रश्न पनि उठाएका छन् ।

नयाँ वर्षको भोली पल्ट अर्थात् २०२२ जनवरी २ का दिन त्यो देशमा हजारौंको संख्यामा कजाखहरू सडकमा उत्रिएका थिए । यसको तत्काल देखिएको कारण एलपीजी ग्यासमा सरकारले बढाएको अधिकतम मूल्यको सीमा हटाउनु थियो । हुन त यसको प्रमुख कारण त्यहाँ व्याप्त समाजिक तथा आर्थिक असमानताहरू हुन् जसले गर्दा एकल पार्टी तानाशाही रहेको शासन सत्ताको विरूद्ध जनतामा बढ्दो तीब्र रोष प्रकट भएको पनि औंल्याइएको छ । किनकी त्यहाँ सरकारी भवनहरूमा आगो पनि लगाइएको थियो र अत्यन्तै अप्रसन्न भीडले हवाई अड्डा र अन्य सार्बजनिक भवनहरूमा समेत कब्जा जमाएको थियो । त्यसको परिणाम वर्तमान कज्जाक राष्ट्रपति कासिम-जोमार्ट टोकाएबलाई मद्दत माग्न मास्कोतिर फर्किनु परेको थियो । बितेको ८ वर्षभन्दा पनि कम समयमा क्रेमलिन समर्थित कुलीनतन्त्रका विरूद्ध यो तेस्रो विद्रोह भएको मानिएको छ । २०१४ मा यूक्रेनमा निकै व्यापक 'लोकतन्त्र' समर्थक प्रदर्शन भएको र त्यसपछि त्यस्तै प्रदर्शन बेलारूसमा पनि भएको थियो ।

चाखलाग्दो कुरा के छ भने कजाकस्तान अमेरिका तथा चीन दुबै देशका लागि पनि निकै महत्वपूर्ण मानिन्छ । यद्यपि त्यसका करणहरू भने बेग्ला-बेग्लै छन् । एक्शन मोबिल तथा चेभरन जस्ता प्रमुख अमेरिकी तेल कम्पनीहरूले कजाकस्तानको पश्चिमी क्षेत्रमा खर्बौं डलर लगानी गरेका छन् जुन अहिलेको जनप्रदर्शनको केन्द्र पनि हो । चीनको पनि यस समान चिन्ता रहेको छ । किनभने छिमेकी कजाकस्तानसँग चीनको १ हजार ७८२ किलोमिटर लामो साझा सीमाना रहेको छ । त्यहाँ कुनै त्यस्तो गम्भीर प्रदर्शन हुँदा चीनमा पनि त्यसको प्रभाव पर्न सक्छ ।

पछिल्लो घटनाबाट के स्पष्ट हुन्छ भने पश्चिमा शक्तिहरू कजाकस्तानमा रूसको हस्तक्षेपले विश्वका लागि निकै ठूलो र असमान्य स्थिति उत्पन्न हुने विश्लेषण गरिरहेका छन् । किनभने यो रूसको तैनाथी कलेक्टिभ सेक्यूरिटी ट्रिटी अर्गनाइजेशनको मातहतमा रहेको छ । यसमा रूस तथा पूर्व सोभियत संघमा आवद्ध रहेका देशहरूको सबैभन्दा सबल सुरक्षा संघमा आधारित सैन्य सहयोग संगठन हो । त्यस सम्झौतामा अर्मेनिया, बेलारूस, कजाकस्तान र किर्घिजिस्तान सामेल रहेका छन् । त्यसैले पश्चिमा विश्लेषकहरूले रूसले आफ्नो पूर्ववर्ती प्रभाव क्षेत्रमा अर्को एउटा नयाँ विश्व खेल शुरू गरिरहेको अर्थ लगाइरहेका छन् । त्यो कुन अर्थमा पनि भनिदैछ भने उनीहरू अमेरिका यतिबेला आफ्नो इतिहासको जेफसशन कालतर्फ फिर्ता गइरहेको औंल्याउन थालेका छन् । यद्यपि यी सबै परिघटनाहरूको यर्थात् अब कसरी उपस्थित हुने हो त्यो समयले नै प्रकट गर्ने प्रतिक्षा गर्नुपर्ने देखिन्छ । तथापी यी घटनाहरूले विश्वलाई निकै तरंगित बनाइरहेको छ । विश्व राजनीतिलाई नियाल्ने मानिसहरूलाई चिन्ता थपिदिएको छ । अमेरिकी राष्ट्रपति जो बाइडेनले भनेजस्तै कतै तेस्रो विश्वयुद्धको संखघोष् त हुँदैन, आशंका छ ।

## सामाजिक सञ्जाल




**- सुर्यराज आचार्य**

सञ्जालमा सक्कली/नक्कली पिएचडीको चर्चा रैछ । वास्तवमा पिएचडी प्राज्ञिक/अनुसन्धानको क्षेत्रमा रूची राख्ने या सो पेशा रोज्नेका लागि उपयुक्त पढाई/डिग्री हो । नेपालमा भने नामको अगाडी डा. झुण्ड्याएर 'बौद्धिक रेन्ट–सिकिङ' गर्ने माध्यम पनि बनेको छ, पिएचडी । यो कोणबाट पनि बहस हुनुपर्ने बिषय हो यो ।




**- मनिश लाल चुके**

पिएचडीले प्राज्ञिक/अनुसन्धानको क्षेत्रमा कति योगदान दिइ नयाँ कुरा आविष्कार गरे/पत्ता लगाए, महत्वपूर्ण कुरा हो र पिएचडी धारीले कतिजना अर्को सक्षम र काबिल पिएचडी वालाहरू उत्पादन गर्न योगदान गरे अर्को महत्वपूर्ण कुरा हो । तर, राजनीतिक रंगअनुसार किन पिएचडी वालाहरूको भास्य फरक हुन्छ नेपालमा ?



**- भीष्म कुमार**

जेएनयूमाथि शंका कम छ र पनि तिम्रा पिएचडीले देश र जनतालाई के नै दियौ र ? झन जात पात र क्षेत्रीयताको नाममा बाँड्न लाग्यौ । त्यस्तो 'प्याचडी' गरेर भारत तिर नै स्थायी बसोवास गरे हुने थियो नि । पैसा पनि कमाउने, गाली पनि सुन्न नपर्ने ।



**- विष्णु ढकाल**

पराधीन भएर बाँच्न कोही चाहिँदैन, स्वाधीन भएर बाँच्न संगठित हुनुपर्छ भनेर पञ्चायती व्यवस्थादेखि नै विचार निष्ठा र लगनशील भएर लागेका मित्रहरू हेर्दा जहाँ को त्यहीँ भए पनि आत्मसन्तुष्ट देख्दा खुसी लाग्छ । अनुचित तरिकाले धन त कमाउन सकिन्छ तर, सधैँभरि असल मानिसहरूको मनबाट बहिष्कृत भइन्छ ।



**- कृष्ण ज्ञवाली**

एमसीसी संशोधन त अब सम्भव छैन, तर अझै पनि विवादित विषयमा द्विदेशीय सहमति कायम गरी गठबन्धनका साझेदारहरूको 'मानरक्षा' गरेरै पास गर्नु बुद्धिमानी होला । नत्र यही चुनावी मुद्दा बन्छ र कांग्रेसले आफ्नो सारा शक्ति एक्लै यसैको प्रतिरक्षामा लगाउनुपर्ने हुन्छ ।

# पुटिन युक्रेनमाथि किन आक्रमण गर्न चाहन्छन् ?

विश्व




● थोमस एल फ्रीडम्यान

> सन् २००५ मा पुटिनको भनाइ सोभियत रूसको विघटन २० औं शताब्दीको सबैभन्दा ठूलो भूराजनीतिक प्रकोप थियो भनी अतिशयोक्ति थिएन । र युक्रेनको सोभियत संघसँग सम्बन्ध रहेको र त्यहाँ अझै पनि ८० लाख रूसी बसोबास गर्दै आएकाले पुटिनले युक्रेनलाई रूससँग गाभ्नु आफ्नो कर्तव्य ठान्छन् । युक्रेनको फरक भाषा र संस्कृति छ भनेर भने उनले बिर्सेका छन् ।

सन् २०१४ मा क्रिमियाको विलय पछि भ्लादिमिर पुटिन किन अब युक्रेनलाई विलय गर्न चाहन्छन् ? उत्तर सजिलो छैन, किनकि पुटिन सधैं अमेरिकाको 'इन्फेरियरिटी कम्प्लेक्स'मा व्याकुल छन् । उनले आफूलाई आधुनिक पिटर द ग्रेट ठान्छन्, जससँग रूसलाई फेरि एक महान् देश बनाउनको लागि ठूलो जिम्मेवारी छ । रूसी सम्राट पिटर द ग्रेटले १८ औं शताब्दीमा रूसको विकास सुनिश्चित गरेका थिए । पुटिन रूसी जासुसी एजेन्सी केजीबीका एजेन्ट भएकाले शीतयुद्धको सोचबाट बाहिर नआउनु उनको बाध्यता हो ।

उनी अमेरिकाको भूतपूर्व प्रेमी जस्तै हुन्, जसले अमेरिकाले 'मलाई बिर्सिदेउ' भन्दै गर्दा पनि महाशक्ति राष्ट्रलाई भुल्न सक्दैन । अमेरिकाले चीनजस्ता देशसँगको सम्बन्ध बढाएकोमा पुटिनलाई इर्ष्या छ । पुटिनको समस्या यो हो कि उनले अमेरिकासँगको आफ्नो सम्बन्धको प्रकाशमा विश्वमा आफ्नो कद देख्छन् । २०२४ को चुनाव जितेर वा ठगी गरेर आजीवन राष्ट्रपति बन्ने प्रयास गरिरहेका छन्, किनकि शीर्ष पदमा रहँदा सबै चालबाजी गरेपछि सत्तामा आउँदा धोका हुन्छ कि भन्ने डर उनमा छ । तसर्थ, पुटिनको लागि सत्तामा रहनु जीवन र मृत्युको कुरा हो ।

युक्रेनप्रति पुटिनको दृष्टिकोणको जवाफ यी सबै परिस्थितिहरूको बीचमा कतै लुकेको छ । यदि म पुटिनको आलोचक भएको भए, म अगाडि बढ्नुहोस् र कीभ (युक्रेनको राजधानी) कब्जा गर्नुहोस् भन्थें । तर यसको मानवीय मूल्य असहनीय हुन सक्छ । सत्य यो हो कि पुटिन चढेको रूखबाट ओर्लन कि त हाम फाल्नुपर्छ कि त सिँढी आफैं तयार गर्नुपर्छ । पुटिनले वर्तमान संकटलाई पूर्ण रूपमा बेवास्ता गरेका छन्, त्यसैले उनको अदूरदर्शी कदममा कोही पनि चुप लाग्दैन ।



पुटिनले किन यस्तो आक्रामक अडान लिए ? उनले युक्रेनमाथि आक्रमण गर्ने सोचेका छन् किनभने उनलाई लाग्छ कि यसले आफुँलाई सत्तामा राख्न मद्दत गर्नेछ । यसलाई बुझ्न हामीले पुटिनको राजनीति बुझ्नुपर्छ । विगत एक दशकमा, उनले आफूलाई रूसी जनतासामु शीतयुद्धपछिको गरिबीबाट बाहिर निकाल्न सक्ने नेताको रूपमा प्रस्तुत गरेका छन् । अहिले पुटिनले आफूलाई शीतयुद्धपछिको युगमा हराएको गौरवमा फर्काउन सक्ने नेताको रूपमा प्रस्तुत गर्दैछन् ।

मैले यो जानकारी रूसी विशेषज्ञ लियोन आरोनबाट पाएको छु, लियोन येल्त्सिन : ए रिभोलुसनरी लाइफका लेखक हुन् । अहिले पुटिनको रूसको भविष्यमा पुस्तक लेख्दै छन् । एरोनका अनुसार सन् १९९९ को उत्तरार्धमा रूसको सत्तामा आएका पुटिनले बोरिस येल्तसिनले गरेको अर्थतन्त्रको पुनर्निर्माणबाट फाइदा उठाएका थिए । तेल, ग्याँस र धातुको मूल्य बढेसँगै येल्त्सिनको कार्यले विदेशी लगानी र राजनीतिक स्थिरतामा वृद्धि भयो । रूसी मतदाताहरूले पुटिनलाई दुई पटक निर्वाचित गरे, २००० देखि २००८ सम्म, यस अवधिमा आधुनिक रूसको इतिहासमा सबैभन्दा ठूलो पूँजी निर्माण भएको थियो ।

तर, ऊर्जाको मूल्यमा आएको गिरावट र सुधारका अवरोधका कारण रूसको अर्थतन्त्र सन् २०११ देखि २०१९ सम्म स्थिर रह्यो । रूसको मानव संसाधन प्रयोग गर्नुको सट्टा, पुटिनले प्राकृतिक स्रोतहरूको दोहन गरे । आर्थिक चुनौतीहरू समाधान गर्नुको सट्टा, पुटिनले आफूलाई रूसलाई पश्चिमी आक्रमणबाट बचाउने नेताको रूपमा प्रस्तुत गरे । पुटिनले आफूलाई जीवनभर राष्ट्रपतिको रूपमा कायम राख्दै रसियाका लागि युद्ध लड्ने घोषणा गरे ।

पुटिन एक निर्दयी नेता हुन्, तर उनको हिंसात्मक मानसिकता रूसी संस्कृतिसँग मिसिएको छ । पूर्व सोभियत संघको आकर्षण उनको पुस्तामा धेरै छ । सन् २००५ मा पुटिनको भनाइ सोभियत रूसको विघटन २० औं शताब्दीको सबैभन्दा ठूलो भूराजनीतिक प्रकोप थियो भनी अतिशयोक्ति थिएन । र युक्रेनको सोभियत संघसँग सम्बन्ध रहेको र त्यहाँ अझै पनि ८० लाख रूसी बसोबास गर्दै आएकाले पुटिनले युक्रेनलाई रूससँग गाभ्नु आफ्नो कर्तव्य ठान्छन् । युक्रेनको फरक भाषा र संस्कृति छ भनेर भने उनले बिर्सेका छन् । युक्रेनमा राष्ट्रवादी भावना बलियो भएपछि त्यहाँका विद्यालयहरूबाट रूसी भाषा हटाइयो । जुन विषयप्रति उनलाई चित्त बुझेको छैन । पुटिनले पनि युक्रेनी सेना बलियो हुनुअघि र त्यहाँका जनतामा रूसविरोधी भावना जागृत हुनुअघि आफू रूस जानुपर्छ भन्ने सोच्छन् । यो पनि सही समय हो किनभने अमेरिका र अन्य देशहरू कोभिडका कारण युद्धको मुडमा छैनन् ।

रूसको अधिनायकवादी शासन र सामाजिक-आर्थिक गतिरोधविरूद्धको भावना विकास भएकोले युक्रेन युरोपेली युनियनमा सामेल भएको पुटिनले देखेका छन् । विश्वव्यापी उथलपुथल रोक्न युक्रेन असफल होस्, युरोपेली संघ विघटन होस् र डोनाल्ड ट्रम्प अमेरिकी राष्ट्रपति बनोस् भन्ने उनी चाहन्छन् । पुटिनले सधैं गलत ठाउँमा गरिमा पाउन चाहन्छन् । त्यो अर्थमा उनी दयनीय छन्, तर उस्तै सशस्त्र र खतरनाक पनि छन् ।

***(थोमस एल फ्रीडम्यान अमेरिकी राजनीतिक टिप्पणीकार तथा लेखक हुन् । न्युयोर्क टाइम्सका स्तम्भकारसमेत रहेका थोमसले लेखेको लेखलाई अनुवाद गरि साभार गरिएको हो ।)***

# अमेरिकाले रुसलाई युक्रेन युद्धमा तानिरहेको पुटिनको आरोप

**काठमाडौं/एजेन्सी–** रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले अमेरिकाले आफ्नो देशलाई युक्रेन युद्धमा तानिरहेको आरोप लगाएका छन् । पछिल्लो केही हप्तादेखि युक्रेनलाई लिएर उत्पन्न तनावका सम्बन्धमा पुटिनले पहिलो टिप्पणी गरेका हुन् । रुसमाथि थप प्रतिबन्ध लगाउनका लागि अमेरिकाले युद्ध चाहेको आरोप उनको छ ।



अमेरिकाले युरोपमा नेटो गठबन्धनका सैनिकको उपस्थितिलाई लिएर आफूहरुको चासो बेवास्ता गरेको आरोप पनि पुटिनले लगाएका छन् । रुसले युक्रेनसँगको सीमा क्षेत्रमा करिब एक लाख सैनिक तैनाथ गरेपछि अमेरिकासहितका पश्चिमा राष्ट्रले त्यसलाई युद्धको तयारी भनेका छन् ।

युक्रेनमाथि सैन्य आक्रमणको तयारी रुसले गरेको आरोप छ । तर रुसले भने युद्धको तयारी नरहेको दाबी गर्ने गरेको छ । आफ्नो क्षेत्रमा सैनिक तैनाथ गर्न पाउने अधिकारको प्रयोग गरेको उसको भनाइ छ ।

मस्कोमा हंगेरीका प्रधानमन्त्री भिक्टोर ओरबानसँगको भेटपछि पुटिनले अमेरिका चासो युक्रेनको सुरक्षाप्रति त्यति नरहेको देखिने आरोप लगाएका हुन् । 'उसको (अमेरिका) प्रमुख उद्देश्य रुसको विकासमा अवरोध गर्ने हो । युक्रेन अमेरिकाको सो लक्ष्य पूरा गर्ने माध्यम जस्तो बनेको हो ।'

यसैबीच युक्रेनी राष्ट्रपति भोलोदमिर जेलेन्स्की र बेलायतका प्रधानमन्त्री बोरिस जोनसोनबीच मंगलबार भेटवार्ता भएको छ । उनीहरुका बीचमा मंगलबार युक्रेनको राजधानी किभमा भेटवार्ता भएको हो । उनीहरुका बीचमा पछिल्लो समयमा युक्रेनको सीमा क्षेत्रमा रुसले तैनाथ गरेको सैन्य समूहका विषयमा कुराकानी भएको थियो ।

साथै युक्रेनको पछिल्लो सुरक्षा अवस्थाका बारेमा पनि उनीहरुका बीचमा कुराकानी भएको युक्रेनी राष्ट्रपति जेलिन्स्कीको सचिवालयले जानकारी दिएको छ । सो भेटवार्तापछि उनीहरुद्वारा जारी गरिएको संयुक्त प्रेस वक्तव्यमा रुसले युक्रेनमाथि आक्रमण गर्ने सूचना प्राप्त भएकाले यदि त्यसो भयो भने रुसका लागि त्यो कार्य महंगो पर्न जाने उल्लेख गरिएको छ ।

रुसले युक्रेनी सीमा क्षेत्रमा आक्रमण गर्ने सूचना प्राप्त भएको कुरा अमेरिकाले बताउँदै आएको छ । यसैकारणले बेलायत र अमेरिकाले आफ्ना दूतावासका कर्मचारीलाई फिर्ता बोलाएका छन् । तर सो कार्यको रुसले भने खण्डन गर्दै आएको छ । रुसले युक्रेनमा आक्रमण गर्ने कुनै योजना नरहेको बताएको छ ।

# भारतमा थपिए एक लाख ६१ जना संक्रमित



**काठमाडौं/एजेन्सी–** भारतमा कोरोनाभाइरसबाट पछिल्लो एक दिनमा थप एक लाख ६१ हजार ३८६ जना संक्रमित भएका छन् । सरकारी अधिकारीहरुले बुधबार दिएको जानकारीअनुसार सोही अवधिमा कोरोनाकै कारण अरु एक हजार ७३३ जनाको मृत्यु भएको छ ।

जबकी अघिल्लो दिन नयाँ संक्रमितहरुको संख्या एक लाख ६७ हजार ५९ पुगेको अधिकारीहरुले जानकारी दिएका छन् । सङ्घीय स्वास्थ्य मन्त्रालयले पछिल्ला केही दिनदेखि दैनिक संक्रमित र मृतकहरुको संख्या निरन्तर घट्दै गइरहेको जनाएको छ ।

भारतमा अहिलेसम्म कोरोना भाइरसबाट संक्रमितहरुको संख्या चार करोड १६ लाख ३० हजार ८८५ पुगेको छ । त्यसैगरी अहिलेसम्म कुल मृतकको संख्या चार लाख ९७ हजार ९७५ पुगेको पनि अधिकारीहरुले जानकारी दिएका छन् ।

भारतमा अहिले पनि संक्रमित अवस्थामै रहेकाहरुको संख्या १६ लाख २१ हजार ६०३ रहेको मन्त्रालयले जनाएको छ । यो संख्या पनि दिन प्रति दिन घट्दै गइरहेको छ ।

एउटै अवधिमा नयाँ संक्रमितहरुको संख्या भन्दा संक्रमणमुक्त भएकाहरुको संख्या धेरै भएकाले सक्रिय संक्रमितहरुको संख्या घट्दै गइरहेको छ । भारतमा पछिल्लो एक दिनमा दुई लाख ८१ हजार १०९ जना कोरोनाभाइरसबाट संक्रमणमुक्त भएका छन् ।

## कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०७८/१०/२०**

**अस्त्र बस्त्र खाद्यान्न प्रा.लि.** को मिति २०७८/१०/१४ गते बसेको विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **अष्ट वक्र खाद्यान्न प्रा.लि. (प्रा. लि. नं.: २८२२०१)**, कायम गर्ने गरी मिति २०७८/१०/१८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## NOTICE FOR BID INVITATION

Lions Club International District 325 B2, Nepal is constructing a Guest House Building at B.P. Koirala Memorial Cancer Hospital Premises, Bharatpur-7, Chitwan, Nepal. Bid is invited from eligible and interested Bidders for the building of guest house so that bidders are requested to send their company profile at **dmcengg2008@gmail.com**. The bid document will be provided to only the short-listed company. A company profile should be submitted before 9th February 2022, 12.00 PM.

## नाम परिवर्तन सम्बन्धी सूचना ।

(दोस्रो पटक प्रकाशित मिति २०७८/१०/२०)

कम्पनी ऐन २०६३ बमोजिम स्थापना भएको (प) लि.नं. १२३८/०६६/०६७ को साबिक कञ्चनजंघा हाउजिङ्ग लिमिटेड कम्पनीको नाम परिवर्तन भई अब उपरान्त ट्रेड टावर लिमिटेड कायम हुने गरि कम्पनी रजिष्ट्रारको कार्यालयबाट समेत मिति २०७८/१०/१२ गते स्वीकृती प्राप्त भई सकेकोले सोही बमोजिम हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

ट्रेड टावर लिमिटेड
साबिकको कञ्चनजंघा हाउजिङ्ग लिमिटेड
८औं तल्ला ट्रेड टावर थापाथली, काठमाण्डौं
का.म.न.पा.-११, फोन ०१-५१११०००

## UAE मा रोजगारको अवसर | कम्पनीः HAREEM ALAIN LADIES SALOON

शहरः UAE

पूर्व स्वीकृत मितिः २०७८/१०/१८ | चलानी नं.: ६०१७३८५५ | LT. No.: 257332

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser | 0 | 2 | सम्बन्धित काममा दक्ष | 1500 | ४८,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Hairstylist | 0 | 1 | | 1500 | ४८,७५० | | | | | | | |
| 3. | Manicurist | 0 | 3 | | 1500 | ४८,७५० | | | | | | | |

**नोटः काम नजानेकोलाई तालिमको व्यवस्था छ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ २६ देखि २८ गते (9 to 11 Feb. 2022) मा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Sky Of The World Manpower Pvt. Ltd.**
श्रम ई. पत्र नं.: १०३९/०७३/०७४
Tilganga-9, Manpower Bazar, Kathmandu
Mob.: 9860049528, 9851068774 , 9813517109 | Tel.: 4488231
E-mail : skymanpower200@gmail.com, Web.www.skymanpower.com

## तमु हे बचत तथा ऋण सहकारी संस्था लिमिटेडको नाममा मालपोत कार्यालय कलंकीमा दर्ता कायम रहेको जग्गा बढाबढमा बिक्रीको लागि १५ दिने सार्वजनिक सूचना

**प्रकाशित मितिः २०७८/१०/२०**

यस साकोसको तपसिलमा उल्लेखित जग्गा बढाबढमा बिक्री गरिने भएकाले उक्त जग्गा के कति मूल्यमा खरीद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन अर्थात मिति २०७८/११/०५ गते दिनको ३ बजे (सो दिन सार्वजनिक विदा परेमा सो लगत्तै साकोस खुलेको दिन) भित्र शिलबन्दी बोलपत्र संस्थाको रजिष्टर्ड कार्यालय, गल्कोपाखा काठमाण्डौंमा दाखिला गर्नु हुन इच्छुक महानुभावहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु १६ औं दिन अर्थात मिति २०७८/११/०६ (सो दिन सार्वजनिक विदा परेमा सो लगत्तै साकोस खुलेको दिन) रजिष्टर्ड कार्यालय, गल्कोपाखामा दिनको ठीक २ बजे खोलिने भएकाले उक्त दिन उपस्थित हुन इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु संस्थाले कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्नेछ ।

**तपसिल**

१. तमु हे बचत तथा ऋण सहकारी संस्था लिमिटेड र श्री युवराज ढुंगानाको नाममा मालपोत कार्यालय, कलंकीमा संयुक्त नाममा दर्ता कायम रहेको किर्तिपुर नगरपालिका वडा नं. १५, काठमाण्डौं स्थित कि.नं. १०८, १०६ र १०४ को क्षेत्रफल क्रमश: २५४.८५, १५६.५३ र १६२.०० वर्ग मीटरको जम्मा ५७३.३८ वर्ग मीटर मध्ये तमु हे बचत तथा ऋण सहकारी संस्था लिमिटेडको हक हिस्सा लाग्ने जग्गा मात्र ।

**तमु हे बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
गल्कोपाखा, काठमाडौं, फोन नं. ४९५७५२९

## साउदीमा रोजगार | कम्पनीः MUHAMMAD MUSAED AL-ALIWI SHOP FOR SELLING GAS & ACCESSORIES

शहरः ZULFI

पूर्व स्वीकृत मितिः २०७८/१०/१८ | चलानी नं.: ६०१७३८६२ | L.T. No.: 257283

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 1 | 0 | स. काममा दक्ष | 1200 | ३८,१८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ २७ गते (10 February 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Future Link International Pvt. Ltd.**
Gov. Lic. No. 839/066/067
P.O. Box.: 24253, Sinamangal-9, Kathmandu, Tel No.: 4488939, 4488940
Email: info@futurelinkint.com, futurelink786_2010@hotmail.com, futurelink78639@yahoo.com
Website: www.futurelinkint.com

## साउदीमा वैदेशिक रोजगार | कम्पनीः WAFAA WORLD CONTRACTING CO. GENERAL ARCHITECTURE

शहरः RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०८/१५ | चलानी नं.: ६०१६९९८७ | LT. No.: 252080 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 100 | 0 | स. काममा दक्ष | 1000 | ३१,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ २७ गते ( 10 February 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Miyon International Pvt. Ltd.**
श्रम इजाजत नं. १२६३/०७४/०७५
Subhidhanagar-35, Kathmandu, Nepal (50 meters ahead of Kantipur Television Building)
Tel: 5199459, Fax: 5199531, Email: miyon.international@gmail.com, Website: miyoninternational.com

## साउदीमा रोजगार | कम्पनीः TRANSPORTATION OF SALEH SHAHER CLINIC AL-SHAMRY

शहरः HAIL

पुर्व स्वीकृत मितिः २०७८/१०/१७ | चलानी नं.: ६०१७३८६७ | L.T. No.:257274

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Whole vehicle Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ५७,२७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ २७ गते (10 February 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अल-जाफर ईन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ३१८/०५९/०६०
सामाखुसी-२६, टाउनप्लानिङ, काठमाडौं, नेपाल, फोनः ४३९०२२२
Email : info.alzafarnepal@gmail.com, Web.: www.alzafarnepal.com

## कुवेतमा रोजगार | कम्पनीः SHROUK AL AMAL BAKERY FOR PASTRIES AND PASTRIES COMPANY.

शहरः Kuwait

पुर्व स्वीकृत मितिः २०७८/१०/१८ | चलानी नं.: ६०१७३८६० | LT. No.: 257353

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Helper | 15 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ४७,३४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Light Vehicle Driver | 5 | 0 | | 135 | ५३,२५८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ माघ २७ गते (10 February 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**DEEP JYOTI MANPOWER SERVICE PVT. LTD**
श्रम इजाजत नं. ११३६/०७३/०७४
Sinamangal-9 (Near Prakash Ashram), Kathmandu, Tel: 01-4492910, Mob: 9844323964, 9808046424 Fax: 4490678
Email: deepjyotimanpower1136@gmail.com, info@deepjyotimanpower.com.np, Web.: www.deepjyotimanpower.com.np

## साउदीमा रोजगार | कम्पनी : SALEH MOHAMMED SALEH AL-GHAMDI FACTORY FOR METAL INDUSTRIES

शहर : RIYADH

पूर्व स्वीकृत मितिः २०७८/१०/१८ | चलानी नं.: ६०१७३८७० | LT. No.: 257276

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ २७ गते (10 February 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**FAZAL INTERNATIONAL PVT. LTD.**
Gov. Lic. No. 709/064/065
Sinamangal, Kathmandu Tel: 4481208, 4481209, Fax: 4481210

## SAUDI मा रोजगार | १. कम्पनीः Saudi Ritaj Corporation, A Branch Of Al Salam Trading Corporation

शहरः JEDDAH

पूर्व स्वीकृत मितिः २०७८/०७/०९ | चलानी नं. ६०१६६३९० | L.T. No.:249104 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 3 | 0 | स. काममा दक्ष | 1800 | ५७,२७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : RAWAA COMPANY FOR OPERATION AND MAINTENANCE IS A ONE PERSON COMPANY शहर : RIYADH

पूर्व स्वीकृत मिति : २०७८/०९/१४ | चलानी नं. : ६०१७१५७१ | L.T. No.: 253996 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Truck Driver | 1 | 0 | | 1800 | ५७,२७६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुण १ गते (13 February 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | रु. १०,०००/- रोजगार दाताले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**फेमस ह्युमन रिसोर्सेज प्रा. लि.**
श्रम इजाजत नं. ५४५/०६१/०६२
कोटेश्वर-३२, तिनकुने, काठमाडौं, नेपाल, फोनः ५१९९५००, ५१९९७००
Email: info@famoushr.com, famoushr545@gmail.com

## QATAR मा वैदेशिक रोजगारको अवसर

कम्पनी : INTERNATIONAL HEAVY EQUIPMENT & TRANSPORT | शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७८/१०/०७ | चलानी नं.: ६०१७३०९२ | LT. No.: 256386 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Air Condition Tech | 2 | 0 | स. काममा दक्ष | 1100 | ३५,९२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Building Worker | 2 | 0 | | 1100 | ३५,९२६ | | | | | | | |
| 3. | Driver | 10 | 0 | | 1400 | ४५,७२४ | | | | | | | |
| 4. | Electric | 1 | 0 | | 1100 | ३५,९२६ | | | | | | | |
| 5. | Electro-mechanical Technician | 2 | 0 | | 1200 | ३९,१९२ | | | | | | | |
| 6. | Heavy Equipment Driver | 10 | 0 | | 3000 | ९७,९८० | | | | | | | |
| 7. | Heavy Vehicle Driver | 30 | 0 | | 2200 | ७१,८५२ | | | | | | | |
| 8. | Mechanic | 2 | 0 | | 1200 | ३९,१९२ | | | | | | | |
| 9. | Mechanic Technician Hydraulic | 5 | 0 | | 1200 | ३९,१९२ | | | | | | | |
| 10. | Pipe Fitter | 2 | 0 | | 1000 | ३२,६६० | | | | | | | |
| 11. | Technician | 4 | 0 | | 1100 | ३५,९२६ | | | | | | | |
| 12. | Technician Gen. | 3 | 0 | | 1100 | ३५,९२६ | | | | | | | |
| 13. | Tile Maker | 2 | 0 | | 1100 | ३५,९२६ | | | | | | | |
| 14. | Weld Technician | 2 | 0 | | 1100 | ३५,९२६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ २७ गते (10 February 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**PALIV INTERNATIONAL PVT. LTD.**
श्रम इजाजत पत्र नं. ११६४/०७३/०७४
Chapalkarkhana, Kathmandu Tel: 01-4518268
Mobile No. 9801070598, 9851121142,9840611250
Email: info@Palivinternational.com, palivinternational74@gmail.com | URL: www.palivinternational.com

# बक्स अफिस समाचार

## राजेश र निरुता म्युजिक भिडियोमा देखिँदै

**काठमाडौं/मस–** फिल्म 'फर्कि आऊ'मा सहकार्य गरेको १३ वर्षपछि राजेश हमाल र निरुता सिंहले अर्को एक नयाँ प्रोजेक्टमा टीमअप गरेका छन् । सुटिङ सम्पन्न भएको एक नयाँ म्युजिक भिडियोमा राजेश र निरुतालाई जोडीको रुपमा देख्न पाइनेछ । मंगलबार राजधानीको याक एन्ड यति होटलमा म्युजिक भिडियो छायांकन भएको छ । ३५ लाख लागतमा निर्माण भएको भनिएको उक्त म्युजिक भिडियोमा राजेशलाई राणकालिन दरबारका शासकको रुपमा देख्न सकिन्छ । निरुता हमालकै अपोजिटमा कास्ट भएकी छिन् ।

'१३ वर्षपछि सँगै राजेशजीसँग काम गर्दा पुराना यादहरु ताजा भयो र रमाइलो पनि भयो' निरुताले भनिन्, 'दरबारकी एक महिला पात्रको रुपमा मैले यसमा भूमिका निर्वाह गरेकी छु । वास्तवमै दर्शकले हाम्रो रोललाई रुचाइदिनुहुनेछ ।' निरुताका अनुसार उक्त म्युजिक भिडियो आगामी साता लन्च हुने तयारी छ ।

याक एन्ड यतिमा तीन दिन र दुई रात लगाएर खिचिएको उक्त भिडियोको निर्देशन जेवी वाग्लीले गरेका हुन् । २० वर्षिय गायक कृष्ण विकद्वारा स्वरबद्ध गीतमा उक्त भिडियो निर्माण भएको हो । निरुता र राजेश दुबैले सामाजिक सञ्जालमार्फत भिडियोको तस्बिर सार्वजनिक गर्दै खुशि जनाएका छन् ।

चलचित्र क्षेत्रबाट टाढा भएको आठ वर्षपछि अभिनेत्री निरुता सिंहले 'नाइँ नभन्नु ल ५'मा केमियो भूमिकामा काम गरिन् । यो चलचित्र हिट हुँदा निरुताको केमियो भूमिकाको पनि राम्रै चर्चा भयो । यसपछि उनले चलचित्र 'दाल भात तरकारी'मा मुख्य कलाकारको रुपमा काम गरिन् । यो चलचित्रले लगानी उठाएपनि निरुताको बलियो कमब्याक सफल हुन सकेन । यसपछि उनले चलचित्र 'क्याप्टेन'को 'कर्ली कर्ली' बोलको गीतमा काम गरिन् । चलचित्र चल्यो, गीतले पनि राम्रो चर्चा पायो ।

यसपछि पनि निरुताले चलचित्रमा काम गर्ने विषयमा खबरहरु सार्वजनिक नभएका होइनन् । तर निरुताले नयाँ चलचित्र साइन गरेकी छैनन् । बरु उनी यतिबेला रियालिटी शो 'डान्स च्याम्पियनसिप'को मुख्य निर्णायकको रुपमा काम गरिरहेकी छन् ।

तर यो शोले दर्शकको अपेक्षित साथ भने पाउन सकेको देखिँदैन । निरुताको प्रवेशले पनि शोप्रति दर्शकको उत्साह देखिएको छैन । युट्युबमा यो शोको भ्युज अपेक्षित छैन । रियालिटी शोबाट अपेक्षित सफलता नपाएकी निरुता अभिनेता राजेश हमालसँगको म्युजिक भिडियोबाट कति सफल हुन्छिन् त्यो भने हेर्न बाँकी नै छ ।



## 'लाखे'मा प्रशान्तको इन्ट्री



**काठमाडौं/मस–** फिल्म 'लाखे'मा नेगेटिभ भुमिकाको लागि अभिनेता प्राशान्त ताम्राकार भित्रिएका छन् । यसअघि उक्त भुमिकाको लागि सुनिल थापा रहेको जानकारी दिईएको थियो । निर्देशक सम्राट बस्नेतका अनुसार थापा बलीउड फिल्ममा व्यस्त हुने भएपछि ताम्राकारले लाखेमा अभिनय गर्ने भएका हुन् ।

छायांकन भइरहेको समयमा नै यस फिल्ममा अनुबन्ध भएका अभिनेता ताम्राकारले मल्टिस्टार फिल्ममा काम गर्न पाउँदा खुशी लागेको बताएका छन् । उनले भने, 'एकसाथ धेरै स्टार कलाकारसँग काम गर्न पाउदा निकै खुसी लागेको छ । फिल्ममा आफुले सक्दो नयाँ र राम्रो काम गर्ने कोसिस गर्नेछु ।'

यो फिल्ममा प्रशान्तका अलावा अनुप विक्रम शाही, आर्यन अधिकारी, अर्पण थापा, सुशील सिटौला, बर्षा राउत, रोहित रुम्बा लगायतको अभिनय रहेको छ । ग्लोबल मिडिया एण्ड रिसर्च सेन्टर तथा औरियन प्रोडक्सनको ब्यानरमा निर्माण भइरहेको 'लाखे'का कार्यकारी निर्माता हरि मल्ल ठकुरी हुन् भने निर्माता सिजन अर्याल हुन् । कथासमेत निर्माता अर्यालकै रहेको फिल्मका प्रस्तुतकर्ता गणेश मल्ल ठकुरी हुन् ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मिति २०७८/१०/२०

